साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY | माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ३१ २०८२ फागुन १९ गते मंगलबार *(March 3, 2026)* मूल्य रू. १०/-

## पर्सी फागुन २१ गते निर्वाचन

संविधान मरिसक्यो, संसद पनि छैन । देशको पद्धति शून्यमा छ । यो शून्यतालाई, यो पद्धतिको मृत्युलाई जगाउनका लागि पर्सी फागुन २१ गते निर्वाचन हुँदैछ । यही निर्वाचनले संसदीय पद्धतिलाई जीवनदान दिनेछ । देशमा अनगिन्ति राजनीतिक द्वन्द्व र समस्याहरू छन्, ती सबै समस्या समाधानको निकास यही निर्वाचनलाई मानिएको छ । हुन त पहिले राजनीतिक शक्तिहरूवीच संवाद, सहमति र सहकार्य गरेर निर्वाचनमा जान सकेको भए शान्ति र स्थिरताको ग्यारेण्टी हुनेथियो । तथापि निर्वाचनपछिको पहिलो काम राजनीतिक सहमति खोज्ने प्रयत्न भयो भने त्यो पनि राष्ट्रका लागि फलदायी नै हुनेछ । यो निर्वाचन निकास हुनुपर्छ, निकास दिनुपर्छ ।

१६५ सांसद पदका लागि ६८ पार्टीका ३४०६ उमेदवार प्रतिस्पर्धा गरिरहेका छन् । हरेकले आआफूले गर्ने कामको फेहरिस्त जनतालाई सुनाइरहेका छन् । आफू नै योग्य रहेको दावी पनि गरिरहेका छन् । १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाताले कुन कुन उमेदवारलाई आफ्नो जनप्रतिनिधि निर्वाचन गर्ने हुन्, फागुन २१को निर्वाचनले तय गर्नेछ । परिवर्तनका लागि निर्वाचन, मुलुक हौसिएको छ ।

## कांग्रेस जिताउन अघि सरेनन् यी चार



पुसको अन्तिम दिन गगन थापाले सभापति पद खोसेपछि शेरबहादुर देउवा र उनका गुटका प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, सशांक कोइराला, पूर्णबहादुर खड्कासम्मले कांग्रेस जिताउनु पर्छ भनेर मुख खोलेका छैनन् । मानौ, चुनावलाई अघोषित बहिष्कार गरेका हुन् । देउवा त चुँइक्क नबोली सिंगापुर हिंडेका छन् ।

देउवापक्षका प्रकाशशरण महत, शेखर कोइरालाहरू चुनावमा होमिएका छन् तर देउवा पक्षका धेरै नेताले टिकट पाएनन् वा गगन थापासँग टिकट लिन चाहेनन् र राजनीतिलाई विश्राम दिन बाध्य भए । यी नेताहरूले चुनाव लड्दा सिंगो कांग्रेस चुनावमा खटिएको थियो, अहिले आफू नलड्ने भएपछि पार्टीलाई चुनाव जिताउन अगाडि नसर्नुले कांग्रेसभित्र बिबादको तुष गहिरिएको देखिन्छ । यसको कुप्रभावले कांग्रेसको धेरै मत घट्नेछ, सय पार भन्ने नारा सफल नहुनसक्छ ।

उमेदवारी दर्ताकै दिन देउवा र खड्कापक्षले विशेष अधिवेशनको निर्णयलाई मान्यता नदिन गरेको निर्वाचन आयोग र सर्वोच्चले बेवास्ता गरिदिएपछि कांग्रेसमा परिवर्तन भएको भन्दै गगन थापा र विश्वप्रकाश कांग्रस जिताउन खटिएका छन् । देउवा पक्षका डा.शेखर कोइराला, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, प्रकाशशरण महत, किशोरसिंह राठौर, ज्ञानेन्द्रबहादुर कार्की चुनावमा होमिएका छन् । सभापति थापाले अनेक प्रयत्न गर्दा पनि देउवाले मुख खोलेनन् ।

देउवा पक्षको रणनीति चुनावमा गगनलाई हराउने, महाधिवेशनबाट नेतृत्व खोस्ने र आफै कांग्रेसको सर्वेसर्वा हुने हुनसक्छ । कांग्रेसमा अन्योल बढी छ ।

# चुनाव निकास कि सकस ?




व्यक्ति फेर्ने व्यवहार नफेर्ने, पद्धति नफेर्ने र गद्धारी पनि नहटाउने हो भने के चाहिं परिवर्तन हुने भयो त ? धेरैको प्रश्न छ ।

केही व्यक्ति र शक्तिको तुष्टीका लागि बाल बालिकाले मर्नुपर्ने, राष्ट्रिय र व्यक्तिगत सम्पत्ति जल्नुपर्ने ? २०६३ सालदेखि राजनीतिक खलनायकहरूले जे कुकर्म गरे, त्यस्तै कुकर्म दोहोरिने भएको छ । यति ठूलो पीडा ? देशलाई भूराजनीतिक भूमरीमा यिनैले पारे, अभिभावकबिहीन बनाएर अभिभावक बन्ने ल्याकत कसैले देखाउन सकेनन्, आन्तरिक मामिलालाई बाह्य शक्तिको प्रभावमा पारिदिए, बाह्यनीति हाँस न कुखुराको चालजस्तो हुनगयो । राष्ट्र विश्वशक्तिहरूको रणभूमि बनाउने यिनै हुन्, यिनीहरूको विदेशपरस्तताले देशलाई स्थिर र शान्त हुनै नदिएको हो ।

सबै बिकृतिको उकुसमुकुस प्रस्फुटन भएर जेनजी आन्दोलन भयो, अब त राष्ट्र सुस्थिर होला, समस्याहरू समाधान होलान्, स्थिरता आउला भनेको उही गतिमतिले राष्ट्रले निकास नपाउने भयो । विश्लेषकहरू भन्छन्- फागुन २१ को चुनावले निकास दिन सक्दैन ।

जेनजी आन्दोलनका बेलामा क्रान्तिकारीजस्ती देखिएकी प्रधानमन्त्री सुशीला कार्की निर्णायक बन्न सकिन्न । जस्तो सरकार, त्यस्तै निर्वाचन आयोगको व्यवहार देखिएको छ । सुशीला कार्कीजस्ती पूर्व प्रधानन्यायाधीश र जीवनको उत्तरार्द्धमा पुगेकी व्यक्तिबाट राष्ट्रले ठूलै अपेक्षा राखेको थियो, जुन प्राप्त नहुने भयो । जेनजीको हत्यारालाई जेल कोच्नुपर्छ भनेको भोलिपल्टै प्रधानमन्त्री बनेकी सुशीला कार्कीको उपलब्धि भनेको चुनाव गराउनुमात्र हो । देश अस्तित्वको संकटमा छ, एकता भाँडिएको छ, अराजकता बढेको छ, कार्की सरकार तमासे बनेर आयो, तमासे बनेर जानेभयो । जेनजी आन्दोलनमा भएको धनजनको क्षतिको जाँचबुझ गर्न बनेको आयोगले ३ महिनामा बुझाउनु पर्ने रिपोर्ट अझै बुझाउन सकेन, किन ? यो सबै दोषीलाई बचाउने प्रपञ्च नभए के हो ? चुनाव नै समस्याको समाधान देखेको हो भने सुशीला कार्की किन प्रधानमन्ती बनेकी ? त्यतिबेलै चुनाव घोषणा गरिदिएको भए भइहाल्थ्यो नि ।

प्रचण्ड, ओली र देउवा मिलेर कांग्रेसका नेता रामचन्द्र पौडेललाई राष्ट्रपति बनाएका हुन् । देउवा चुनावका बेलामा चुपचाप सिंगापुर हिंडेका छन् भने रामचन्द्र पौडेल जुक्ति निकालेर संविधान बचाएँ, चुनाव हुनलाग्यो भनेर नाक फुलाइरहेका देखिन्छन् । नयाँ भनेर बालेन भावी प्रधानमन्त्री बन्न र मुलुकमा परिवर्तन ल्याउन कस्सिएका छन्, उनले सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गराउन सके सफल हुनेछन् ।

पर्सी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन आयो । यो निर्वाचन राजनीतिक समस्याको समाधान कि संकट ? निकास कि सकस ? बहस सुरू भएको छ ।

भदौको ऐतिहासिक जेनजी आन्दोलनले ल्याएको उथलपुतल गर्ने आँधीपछि हुनलागेको चुनाव चुनावका लागि चुनावमात्र हुने देखिएको छ । चुनावले राजनीतिक स्थिरता ल्याउनुपर्ने हो, तर चुनावले अराजकता बढाउने संकेतहरू देखाइसकेको छ । यसकारण यो निर्वाचनमा जनताको उत्साह देखिन्छ, राजनीतिक मुद्दाहरूको द्वन्द्व समाधान गर्न सक्ने कुनै संकेत देखिदैन ।

सरकारले राजनीतिक सम्मेलन गरेर चुनावलाई अर्थ र औचित्यपूर्ण बनाउन सकेको भए यो चुनावको गरिमा अर्कै हुनेथियो । राजतन्त्रलाई स्थान, हिन्दुधर्मको सम्मान, अन्य राजनीतिक शक्तिहरूवीच सहमति केही पनि हुनसकेन । जेनजी आन्दोलनपछि अन्तरिम सरकार बन्यो, न संविधान छ, न संसद, न पद्धति नै बाँकी छ, खरानीबाट उठ्नुछ, राष्ट्र उठाउनु छ, चुनाव हुनलागेको छ, न संवाद, न सहमति, सहकार्य छ ? जनता चिच्याइरहे, जनता असन्तोष व्यक्त गरिरहे, तिनै पुराना नयाँ दल चुनावमा होमिएका छन् । चुनावले दिने राष्ट्रिय समस्याको समाधानबारे कसैलाई कुनै प्रकारको चिन्ता र चासो देखिदैन ।

जब राष्ट्रिय समस्याहरूबाट निकास खोज्नु थिएन भने संसद बिघटन गर्नुको के अर्थ रह्यो र ? संसद र संवैधानिक अवयवहरू खरानी बनाएपछि किन जेनजी असन्तोष भयो, जेनजीका मागहरू के के थिए, ती मागहरू कसरी संवोधन हुनसक्छन् भनेरसम्म कुनै बहस पैरवी हुनसकेन । भदौ २७ गते बनेको अन्तरिम सरकार र फागुन २१ को चुनावले दिन्छ के ?

## खाडीमा नेपाली श्रमिकहरु अलपत्र



अमेरिका र इजरायलले इरानमाथि युद्ध छेडेपछि खाडीमा रोजगारीमा गएका नेपाली युवाहरूको बिचल्ली सुरू भएको छ । उनीहरूको स्थिति, स्वास्थ्य, उद्धारमा नेपाल सरकारले चासो नराखेको आरोप लागेको छ । यो युद्ध बिस्तार हुँदै तेस्रो विश्वयुद्धतिर उन्मुख छ, नेपाली श्रमिकहरू त्रासदीमा रहेको खबर छ ।

युनाइटेड अरब इमिरेट्स (यूएई), कतार, साउदी अरब, कुवेत लगायत देशमा झण्डै २० लाख नेपाली कोही खाडी मुलुकमै समस्यामा छन्, कोही विमानस्थलमा असरल्ल परेका छन् । नेपालको पूर्व तैयारी केही छैन, यकिन तथ्याङ्क पनि छैन । इरानले पनि प्रत्याक्रमण तीब्र पारेपछि खतरा झन बढेर गएको छ । युद्ध थप चर्किंदै जाँदा उनीहरूको चिन्ता बढ्दै गएको छ ।

खाडी मुलुकमा रहेकाहरू भन्छन्- डर लागिरहेछ । निरन्तर इमरजेन्सी साइरन बजिरहेको छ, सतर्क भए पनि ज्यानजाने तनावमा रहेका छौं । सरकार र दूतावासले एडभाइजरी जारी गरेका छन् । उच्च सुरक्षा सतर्कता अपनाउन भनेका छन्, कतिपय बाटोमै परेकालाई उद्धारको कुनै प्रवन्ध गरिएको छैन । काम रोकिएको छ, आम्दानी, खाद्यान्न, औषधोपचारमा समस्या छ । रेमिटान्सको स्रोत बैदेशिक रोजगारीबारेमा सरकारले विशेष ध्यान दिन जरूरी देखिएको छ ।

## बालेनको परीक्षा

देशमा मात्र होइन, विदेशमा समेत निकै प्रचार छ- बालेन साहको । नेपालमा परिवर्तन हुनेछ, भावी प्रधानमन्त्री बालेन साह भनेर विश्वका प्रमुख समाचार माध्यमले छापेको देखिन्छ । फागुन २१ को चुनाव बालेन साहले जित्छन् कि केपी ओलीले ? यो चुनावी भिडन्तमा नयाँ र पुरानाको परीक्षा मानिएको छ ।

पहिले चुनाव जित्नुपर्‍यो, त्यसपछि रास्वपाले बहुमत ल्याउनुपर्‍यो वा बहुमत जोडजाम गर्नुपर्‍यो । त्यसपछि प्रधानमन्त्रीको कुरा आउनेछ । यसकारण बालेनको परीक्षा हो फागुन २१ ।

बालेनको हिम्मतलाई भने सबैले प्रशंसा गरेका छन् । हिम्मत यस्तै हुनुपर्छ परिवर्तनकारीको । प्रतिक्षा सबैलाई छ ।

# बीबीसीले किन खोल्यो फायर ?




फागुन २१ को चुनावको मुखैमा भदौ २२ र २३ गतेको जेनजी आन्दोलनमा घटेका घटनाका दृश्यलाई छानी छानी संकलन गरेर बीबीसीले भावनात्मक डकुमेन्ट्री तैयार गरेर सार्वजनिक गरेपछि राजनीतिक बृत्तमा तरङ्ग फैलिएको छ । पर्यवेक्षकहरूले यो डकुमेन्ट्रीले घटनाको जाँचबुझ आयोग र चुनावमा प्रभाव पर्नेछ । यो डकुमेन्ट्रीले जेनजी आन्दोलनमा भएका गोलीकाण्ड, दमनबारे दोषी को हो भनेर प्रष्ट्याउने प्रयत्न पनि गरिएको छ । यद्यपि टीओवीलगायतका घटनालाई नजरअन्दाज गरिएको छ भने आगजनीका विषय प्रष्ट छैन ।

निर्वाचन आयोगले यो डकुमेन्ट्री हटाउन आदेश दिए पनि सामाजिक सञ्जालभरि भाइरल भइसकेको छ । यो डकुमेन्ट्रीले पश्चिमा जगतको चुनाव र छानबिन आयोगप्रति प्रभाव पार्ने उद्देश्य रहेको लख काटिएको छ । स्मरणीय छ, धेरै समय अघि नेपाल भारतमा मिलाउँदा के हुन्छ भनेर विचार संकलन गर्ने कार्यको थालनी पनि बीबीसीले नै गरेको थियो । नेपालीको घोर आपत्तिपछि रोकिन पुगेको थियो ।

यो डकुमेन्ट्री नेपाली र अंग्रेजी दुबै भाषामा प्रशारित भएको छ । यो डकुमेन्ट्रीमा प्रहरीको आन्तरिक विषयहरूसमेत समावेश गरिएको छ । यसमा प्रहरीको कल साइन 'पिटर वान' ले कर्फ्यू लागेको १० मिनेटपछि 'आवश्यक बल प्रयोग गर्न' आदेश दिएको र १२:३० बजे कर्फ्यू लागेको बिषय पनि समेटिएको छ । 'पिटर वान' तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले प्रयोग गर्ने कलसाइन हो । जाँचबुझ आयोगलाई खापुङले गोली चलाउन आदेश दिएको अस्विकार गरेका छन । तत्कालीन गृहमन्त्री रमेश लेखक र प्रधानमन्त्री केपी ओलीले पनि प्रदर्शनकारीलाई गोली चलाउन आदेश नदिएको बयान दिएका छन् ।

यो डकुमेन्ट्रीलाई एमालेले चुनावका मुखमा भूराजनीतिक चलखेलको ताजा उदाहरण भएकाले आन्तरिक मामिलामा कुनै प्रकारको बाह्य प्रभाव कुनै हालतमा स्वीकार्य नहुने प्रतिक्रिया दिएको छ । एमालेका नेताले भनेका छन्- चुनावको संवेदनशील समयमा यस्ता सामग्री सार्वजनिक हुनु भनेको संयोगमात्र हुनसक्दैन, यो त नियोजित हस्तक्षेप हो, हामीले बुझ्नुपर्छ कि नेपालको लोकतन्त्रको रक्षा हामी आफैले गर्नुपर्छ । हाम्रो मुलुकको सार्वभौमिकता बचाउने हाम्रो साझा जिम्मेवारी हो । नेपालको सार्वभौमिकता हाम्रो साझा जिम्मेवारी हो । सूचना स्वतन्त्र हुनुपर्छ, समय सन्दर्भको उद्देश्य पनि पारदर्शी हुनुपर्छ । भूराजनीतिक दबाब र अतिप्रचारको खेलमा नेपाललाई प्रयोग हुन दिनुहुन्न । सचेत बनौं, तथ्य जाँचौं । राष्ट्रको हितमा सबैले उभिने जिम्मेवारी निभाऔं ।

हुन त यो डकुमेन्ट्रीले तत्कालीन समयमा सत्तामा रहेका एमाले, कांग्रेसलाई नराम्ररी घोचेको छ । यद्यपि यो डकुमेन्ट्री जेनजी युवा रक्षा बमको मात्र प्रतिक्रिया समावेश गरिएकोले एकपक्षीय लाग्छ । र, जेनजी आन्दोलन, गोलीकाण्ड, राज्यदमन, बालबालिकाको हत्या, नरसंहारका दृश्यहरू र त्यसपछिका आगजनी-हिंसाका सबै रिपोर्ट समावेश गरिएको छैन । यसकारण पनि यो डकुमेन्ट्रीले पजेनजी आन्दोलनको पूरा श्रव्यदृश्य देखाउन सकेको देखिदैन । तथापि यति ठूलो उथलपुथल ल्याउने घटनामा कसैले पनि जवाफदेही लिनुनपर्ने र जिम्मेवारी पन्छाउने राजनीतिक नैतिकहीनताको स्थितिले कांग्रेस, एमालेको लोकतन्त्र अझै सङ्लिन नसकेको, प्रदूषित नै रहेको स्पष्ट हुन्छ ।

बीबीसीले अपूरो रिपोर्ट सार्वजनिक गरे पनि यो रिपोर्टले नेपालमा राजनीति गैह्रजिम्मेवार छ भन्ने प्रष्ट पारेको छ ।

## राजतन्त्र बदनाम गर्ने अर्को हल्ला !



राजतन्त्र लोकप्रिय भयो, आमनागरिकले राजतन्त्रको पक्षमा समर्थन देखाए भनेर आत्तिएका गणतन्त्रवादीहरूले मौका पायो कि तीललाई पहाड बनाउने प्रयास गर्ने गरेका छन् । यस्तो दुस्प्रचारको माध्यम बनाइएका छन्, नेपाली सेनाका चार पूर्व प्रधानसेनापतिहरू- पूर्णचन्द्र थापा, गौरवशमशेर राणा, प्यारजंग थापा र राजेन्द्र क्षेत्री ।

खासमा यी चारैजना पूर्व प्रधानसेनापतिहरू दसौ 'चिफ कन्क्लेभ' मा भाग लिन गएका हुन् । तर यही विषयलाई अतिरञ्जित प्रचार गरियो, राजतन्त्र फर्काउनका लागि भनेर । स्मरणीय छ, यस्तो चिफ कन्क्लेभ नेपाल र भारतवीचको सहमतिमा मनाउने गरिएको पुरानै प्रचलन हो । हो, यस्तो कार्यक्रममा सेना सेनावीच सद्भाव भेटवार्ता हुनु स्वभाविक छ । यस्तो कार्यक्रम हरेक दुई वर्षमा नेपाल र भारतमा आलोपालो मनाउने प्रचलन रहेको छ ।

यस्तो कार्यक्रममा सहभागी हुनुलाई अनेकार्थ लगाउनुको कुनै अर्थ देखिदैन । यस्तो कार्यक्रममा जाने सूचना जारी गरेर गएको भए दुस्प्रचारमा ब्रेक लाग्नेथियो । सामाजिक सञ्जालमा भाइरल बनाउने कार्य हुनेथिएन । सैनिक सम्बन्ध, कूटनीति बलियो हुँदा राष्ट्रलाई लाभ नै हुनेछ । नाकावन्दीका बेलामा पनि सैनिक कूटनीति फलदायी भएको थियो ।

# नेपाल राष्ट्र बैंकको स्वायत्तता कि राजनीतिक छायाँ

**रमेशकुमार बोहोरा–**



कानुनी संरचनाको दृष्टिले हेर्दा नेपाल राष्ट्र बैंक आज पनि स्वायत्त निकायकै रूपमा परिभाषित छ। तर व्यवस्थाको व्यवहारिक धरातलमा उभिएर हेर्दा राष्ट्र बैंक अझै पनि सरकारको राजनीतिक छायाँबाट मुक्त हुन सकेको छैन। करिब सात दशकअघि स्थापना भएको यस संस्थाले आजसम्म आइपुग्दा मौद्रिक नीति निर्माण, बैंक तथा वित्तीय संस्थाको नियमन, विदेशी विनिमय व्यवस्थापन, भुक्तानी प्रणालीको विस्तार र वित्तीय स्थायित्वको संरक्षण जस्ता अत्यन्त संवेदनशील दायित्व सम्हाल्दै आएको छ।

मुलुकको समग्र आर्थिक नीति दुईवटा मुख्य आधारस्तम्भमा अडिएको हुन्छ। पहिलो, सरकारद्वारा सञ्चालन गरिने वित्त नीति र दोस्रो, केन्द्रीय बैंकद्वारा सञ्चालन गरिने मौद्रिक नीति। यी दुई नीतिबीच सन्तुलित र व्यावसायिक समन्वय हुन सकेमा मात्र दीर्घकालीन आर्थिक स्थायित्व सम्भव हुन्छ। यही कारण विश्वभर केन्द्रीय बैंकलाई सरकारबाट संस्थागत रूपमा अलग र स्वतन्त्र राख्ने अभ्यास विकसित भएको हो। नेपालमा भने व्यवहार उल्टो देखिन्छ। मौद्रिक नीतिका निर्णयहरूमा पटक-पटक राजनीतिक अपेक्षा, लोकप्रियतामुखी दबाव र अल्पकालीन सत्ताकेन्द्रित सोच हावी हुने गरेको आरोप स्वयं राष्ट्र बैंकभित्रै यो विवाद छ। समस्या के हो भने राष्ट्र बैंक र सरकारबीचको सम्बन्ध सधैं व्यावसायिक सहकार्यमा सीमित रहनुपर्ने ठाउँमा राजनीतिक निकटता र शक्ति सन्तुलनको खेलमा रूपान्तरण हुँदै आएको छ। वित्त नीति सञ्चालन गर्ने अर्थ मन्त्रालय र मौद्रिक नीति सञ्चालन गर्ने राष्ट्र बैंकबीचको सम्बन्ध समय-समयमा खुलेआम तनावग्रस्त बनेको छ। यसैको प्रत्यक्ष उदाहरणका रूपमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्मा र तत्कालीन गभर्नर महाप्रसाद अधिकारी बीच विकसित भएको टकरावलाई लिन सकिन्छ।

त्यही कालखण्डमा अर्थतन्त्र दबाबमा थियो। तर संकट व्यवस्थापनका लागि आवश्यक नीतिगत समन्वय, सूचना आदान-प्रदान र संयुक्त रणनीति विकास हुन सकेन। परिणामस्वरूप, कर्जा विस्तार, ब्याजदर संरचना, वित्तीय अनुशासन र लगानी वातावरण सुधारजस्ता विषयहरू प्रभावकारी रूपमा अघि बढ्न सकेनन्। आज पनि अर्थतन्त्र अपेक्षाअनुसार चलायमान नहुनुको कारणका रूपमा त्यो समयमा देखिएको नीतिगत असन्तुलनलाई गम्भीर रूपमा लिइन्छ।

यही पृष्ठभूमिमा सरकारले राष्ट्र बैंकलाई थप स्वायत्त, सक्षम र नियामकीय रूपमा शक्तिशाली बनाउने दाबी गर्दै राष्ट्र बैंक ऐन, २०५८ संशोधनको प्रक्रिया अघि बढाएको छ। विधेयकमा सञ्चालक समितिको संरचना, नियमन तथा सुपरिभिजन अधिकार, वित्तीय संकट व्यवस्थापन, डिजिटल बैंक तथा डिजिटल मुद्राको कानुनी आधार, जगेडा कोषको संरचना र वित्तीय विकास कोषको अवधारणासमेत समेटिएको छ। कागजमा हेर्दा यी सबै प्रावधानहरू राष्ट्र बैंकको संस्थागत क्षमता विस्तारतर्फ उन्मुख देखिन्छन्। तर गहिरो रूपमा अध्ययन गर्दा मुख्य प्रश्न एउटै बिन्दुमा आएर ठोक्किन्छ। नियुक्ति प्रक्रिया राजनीतिक प्रभावबाट मुक्त होला?

प्रस्तावित विधेयकअनुसार अर्थ मन्त्रालयका सचिवबाहेक नेपाल सरकार तथा सार्वजनिक संस्थानका पदाधिकारी वा कर्मचारीलाई राष्ट्र बैंकको सञ्चालक बन्न रोक लगाउने व्यवस्था गरिएको छ। राष्ट्र बैंकका पूर्वकर्मचारीको हकमा अवकाशपछि कम्तीमा तीन वर्ष पूरा नभएसम्म सञ्चालक बन्न नपाउने प्रस्ताव गरिएको छ। सतहमा हेर्दा यो सुधारात्मक देखिए पनि मूल समस्या गभर्नर, डेपुटी गभर्नर र बाँकी सञ्चालक नियुक्त गर्ने अन्तिम अधिकार सरकारकै हातमा रहने व्यवस्था छ।

नेपालमा गभर्नर र डेपुटी गभर्नर बन्न सत्तारूढ दलसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध हुनु अनिवार्य जस्तै मानिने अवस्था विकसित भइसकेको छ। सञ्चालक समितिमा पनि विज्ञता, स्वतन्त्र सोच र दृष्टिकोणभन्दा बढी पहुँच, सिफारिस र शक्ति सन्तुलनका आधारमा व्यक्तिहरू नियुक्त हुने गरेको गुनासो नयाँ होइन।

राजनीतिक पहुँच भएका व्यक्तिलाई 'विज्ञ' को लेबल टाँसेर नियुक्त गर्ने परिपाटी नै संस्थागत समस्याको मूल जरो बनेको छ। यही कारण ऐन संशोधन गरेर मात्र राष्ट्र बैंक स्वायत्त बन्छ भन्ने निष्कर्ष निकाल्नु आत्मसन्तुष्टिमात्र हुनेछ।

प्रस्तावित विधेयकमा राष्ट्र बैंकले साधारण जगेडा कोष स्थापना गरी नोक्सानी व्यहोर्न तथा पुँजी वृद्धि गर्न सक्ने व्यवस्था गरिएको छ। विदेशी मुद्रा, सुन तथा वित्तीय उपकरणको पुनर्मूल्यांकनबाट हुने नाफा वा नोक्सानीका लागि छुट्टै पुनर्मूल्यांकन जगेडा कोष स्थापना गर्ने प्रावधान पनि समेटिएको छ। साथै कुल मौद्रिक दायित्वको पाँच प्रतिशत नबढ्ने गरी वित्तीय विकास कोष स्थापना गर्ने व्यवस्था राखिएको छ। यी प्रावधानहरू प्राविधिक रूपमा महत्वपूर्ण भए पनि तीभन्दा अझ गहिरो प्रश्न राष्ट्र बैंकले ती स्रोत र अधिकार प्रयोग गर्दा स्वतन्त्र निर्णय गर्न सक्छ र भन्ने हो।

त्यसैले डिजिटल वित्तसम्बन्धी नीतिगत निर्णयमा राष्ट्र बैंकको व्यावसायिक स्वतन्त्रता झनै अनिवार्य बन्छ। विधेयकले राष्ट्र बैंकलाई समस्याग्रस्त विवेकशील नियामकका रूपमा काम गर्ने, समस्याग्रस्त बैंक तथा वित्तीय संस्थालाई नियन्त्रणमा लिने, आवश्यक परे 'रिजोलुसन' गर्ने अधिकार दिने प्रस्ताव गरेको छ। व्यवहारमा भने यस्ता निर्णयहरू अत्यन्त राजनीतिक संवेदनशील हुन्छन्।

राष्ट्र बैंकको प्रमुख उद्देश्य मूल्यवृद्धि नियन्त्रण गर्नु हो। तर लोकप्रियता खोज्ने राजनीतिक नेतृत्वका लागि सस्तो कर्जा, ब्याजदरमा कृत्रिम हस्तक्षेप र अल्पकालीन विस्तारवादी नीतिहरू आकर्षक देखिन्छन्। सरकारको यस्तो दबाबलाई राष्ट्र बैंकले अस्वीकार गर्न सक्ने हैसियत राख्नुपर्छ। नत्र मुद्रास्फीति, मुद्रा अवमूल्यन, वित्तीय असन्तुलन र दीर्घकालीन संकटको जोखिम बढ्छ। नेपालको सन्दर्भमा विगतमा भएका कर्जा विस्तारका लहर, रियल इस्टेट तथा सेयर बजारमा देखिएको अस्वाभाविक उछाल र त्यसपछिको सङ्कुचन कमजोरीको प्रतिफलका रूपमा बुझ्न सकिन्छ।

राष्ट्र बैंक सरकारको आदेश पालना गर्ने मात्र प्राविधिक निकाय होइन। यो मुलुकको आर्थिक स्वास्थ्यको निगरानी गर्ने, सरकारलाई नीतिगत सल्लाह दिने र आवश्यक परे अलोकप्रिय तर आवश्यक निर्णय गर्न सक्ने संस्थागत हैसियतमा रहनुपर्छ। सरकार गलत दिशामा जान खोज्दा त्यसलाई तथ्य, विश्लेषण र जोखिमको आधारमा सचेत गराउने नै केन्द्रीय बैंकको जिम्मेवारी हो। तर नियुक्ति प्रक्रियाबाटै ऋणी बनेका गभर्नर र सञ्चालकले यस्तो भूमिका निर्वाह गर्न सक्ने अपेक्षा हुँदैन।

यसैले राष्ट्र बैंकलाई स्वायत्त बनाउने बहस कुनै प्रशासनिक सुधारको सामान्य विषय होइन। आजको सन्दर्भमा राष्ट्र बैंकलाई चाहिएको स्वतन्त्रता मुलुकको दीर्घकालीन हित सुरक्षित गर्न हो। गभर्नर र सञ्चालकले सरकारका लागि होइन, नागरिक र अर्थतन्त्रका लागि उत्तरदायी हुने संस्थागत संस्कृति विकास गर्न सकिएन भने 'स्वायत्त केन्द्रीय बैंक' केवल भाषण र प्रतिवेदनमा सीमित शब्दमै सीमित रहनेछ। यही परिवर्तनविना राष्ट्र बैंकको हैसियत सरकारको आर्थिक सल्लाहकारभन्दा बढी सत्ता व्यवस्थाको एउटा औजारमै सीमित रहने जोखिम कायम रहनेछ।

*(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक हुनुहुन्छ)*

# राजनीतिक अवस्था चुनौती, अवसर र जिम्मेवार निर्णयको समय



**प्रेमचन्द्र झा**

नेपाल आज इतिहासकै जटिल मोडमा उभिएको छ। राजनीतिक संक्रमण, आर्थिक अस्थिरता, वैदेशिक ऋणको बढ्दो भार, शिक्षा र स्वास्थ्य क्षेत्रको कमजोर अवस्था, युवाशक्तिको पलायन, सामाजिक ध्रुवीकरण–यी सबैले राष्ट्रको आधारभूत संरचनालाई नै चुनौती दिइरहेका छन्। संविधान जारी भएको एक दशक नपुग्दै संघीय लोकतान्त्रिक गणतन्त्रले अपेक्षित स्थायित्व र सुशासन दिन नसकेको गुनासो जनतामा व्यापक छ।

विगतका दशकहरूमा जनताको जीवनस्तरमा संरचनात्मक परिवर्तन ल्याउनेभन्दा सत्ता-सन्तुलन, दलीय स्वार्थ र व्यक्तिगत लाभलाई प्राथमिकता दिएको आरोप उनीहरूमाथि लाग्दै आएको छ। अहिले फेरि त्यही पुराना अनुहारहरू नयाँ नारासहित जनतामाझ उभिएका छन्।

नेपालको राजनीतिक इतिहासमा परिवर्तनको कमी कहिल्यै रहेन। नेपालमा २०४६ सालको जन आन्दोलनदेखि ०६३को लोकतान्त्रिक आन्दोलनहरूले शासन प्रणाली नै परिवर्तन गरिदिए। त्यसपछि संविधान सभा मार्फत नेपालको संविधान बनाउनका लागि २०६४ सालमा पहिलो संविधान सभा निर्वाचन मार्फत नयाँ संविधान निर्माणको प्रक्रिया अघि बढ्यो र अन्ततः नेपालीको संविधान २०७२ जारी भयो। तर संरचना परिवर्तन भए पनि राजनीतिक संस्कार र शासकीय चरित्रमा अपेक्षित रूपान्तरण हुन सकेन।

पटक-पटक सत्तामा पुगेका केही नेताहरूले विकासको भाषण गरे, तर परिणाम कागजमै सीमित रह्यो। सरकार फेरबदल, गठबन्धन राजनीति र सत्ताको अस्थिरताले दीर्घकालीन नीति निर्माणलाई कमजोर बनायो। राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको अभावले नयाँ र सक्षम नेतृत्वलाई माथि उठ्न कठिन बनायो। एउटै अनुहार फरक-फरक गठबन्धनमा देखिने पुनरावृत्तिले जनताको भरोसा क्षीण बनाएको छ।

देश आधारभूत आवश्यकतासमेत धान्न नसक्ने अवस्थामा पुगेको भन्ने जनगुनासो निराधार छैन। वैदेशिक ऋण क्रमशः बढ्दै गएको छ, उत्पादनमुखी अर्थतन्त्र कमजोर छ, आयातमा अत्यधिक निर्भरता छ, र युवाशक्ति रोजगारीका लागि विदेशिन बाध्य छन्। नेपालको अर्थतन्त्र ठूलो मात्रामा रेमिट्यान्समा टिकेको छ। हजारौं युवा खाडी मुलुक र अन्य देशमा श्रम बेचिरहेका छन्। यसले अल्पकालीन आर्थिक राहत दिए पनि दीर्घकालीन रूपमा देशभित्रको उत्पादन, सीप र नवप्रवर्तनलाई कमजोर बनाएको छ।

छिमेकी देशहरू जस्तै चीन र भारतले विगत केही दशकमा पूर्वाधार, उद्योग, प्रविधि र शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगति गरेका छन्। तुलना गर्दा नेपाल विकासको दौडमा निकै पछाडि परेको देखिन्छ। तर यो तुलना केवल निराशा होइन, सिकाइको अवसर पनि हो। दीर्घकालीन नीति, लगानीमैत्री वातावरण, प्रशासनिक सुधार र भ्रष्टाचार नियन्त्रणजस्ता पक्षहरूबाट नेपालले पाठ सिक्न सक्छ।

भोट दिनुअघि आफ्नै गाउँको विद्यालयको अवस्था हेर्नु भन्ने सन्देश अत्यन्त सान्दर्भिक छ। सार्वजनिक विद्यालयहरूमा गुणस्तरीय शिक्षाको अभाव, शिक्षक व्यवस्थापन र उत्तरदायित्वमा कमजोरी, पाठ्यक्रम र बजारको मागबीच असन्तुलन, ग्रामीण र सहरी शिक्षाबीच गहिरो विभेद–यी सबैले शिक्षा प्रणालीलाई कमजोर बनाएका छन्। निजी र सार्वजनिक शिक्षाबीचको खाडल बढ्दै जाँदा सामाजिक असमानता पनि बढिरहेको छ। शिक्षा सुधारका लागि शिक्षकको पारदर्शी नियुक्ति र मूल्यांकन, प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड, स्थानीय तहको प्रभावकारी निगरानी र डिजिटल शिक्षाको विस्तार अपरिहार्य छन्।

अस्पतालको सेवा सम्झनुहोस् भन्ने आग्रहले स्वास्थ्य क्षेत्रको वास्तविकता उजागर गर्छ। सरकारी अस्पतालमा उपकरण र जनशक्तिको अभाव, ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको कमी, उपचार खर्च अत्यधिक महँगो हुनु र बीमा प्रणालीको कमजोर कार्यान्वयनले नागरिकलाई असुरक्षित बनाएको छ। स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार हो, तर जब सेवा पहुँचभन्दा बाहिर हुन्छ, राज्यप्रतिको विश्वास कमजोर हुन्छ। प्राथमिक स्वास्थ्य केन्द्र सुदृढीकरण, औषधि खरिदमा पारदर्शिता, चिकित्सकलाई ग्रामीण क्षेत्रमा प्रोत्साहन र आपतकालीन स्वास्थ्य संरचना मजबुत बनाउने नीति आवश्यक छ।

राजनीतिक लाभका लागि जातीय, क्षेत्रीय वा धार्मिक भावना उचाल्ने प्रवृत्ति समाजका लागि घातक हुन्छ। नेपाल विविधताले भरिएको देश हो र यही विविधता हाम्रो शक्ति हो। समावेशी नीति, समान अवसर, कानुनी शासन र पारदर्शी प्रशासनले मात्र सामाजिक सद्भाव कायम राख्न सक्छ।

युवा र नयाँ अनुहारहरू राजनीतिमा प्रवेश गर्दै छन्। उनीहरूसँग ऊर्जा, प्रविधि-ज्ञान र परिवर्तनको आकांक्षा छ। तर केवल नयाँ हुनु पर्याप्त छैन। नीतिगत स्पष्टता, दीर्घकालीन दृष्टिकोण, नैतिक प्रतिबद्धता र संस्थागत सुदृढीकरण अनिवार्य छन्। नयाँ नेतृत्वले भावनात्मक भाषणभन्दा स्पष्ट कार्ययोजना प्रस्तुत गर्नुपर्छ।

सबै पुराना नेता भ्रष्ट छैनन्। केही अनुभवी र इमान्दार व्यक्तित्वहरूले सीमित स्रोतका बावजुद जनताका लागि काम गरेका छन्। अनुभव र युवाशक्तिको संयोजन नै सफल लोकतन्त्रको आधार हो। "पुराना सबै खराब, नयाँ सबै असल" भन्ने सरल निष्कर्ष समाधान होइन। मूल्यांकन व्यक्तिको काम, पारदर्शिता र निष्ठाका आधारमा हुनुपर्छ। लोकतन्त्रमा अन्तिम शक्ति जनतासँग हुन्छ। भोट दिनुअघि उम्मेदवारको विगतको कार्यसम्पादन जाँच्नु, सम्पत्ति विवरण र पारदर्शिता हेर्नु, स्थानीय विकासको वास्तविक अवस्था मूल्यांकन गर्नु र भाषणभन्दा कामको प्रमाण माग्नु अत्यावश्यक छ। झुटा आश्वासन दिएर मत ठग्ने प्रवृत्तिलाई पराजित गर्ने शक्ति मतदातासँगै छ। नेपाल भूराजनीतिको संवेदनशील स्थानमा छ। दुई ठूला छिमेकीबीच सन्तुलित कूटनीति अपरिहार्य छ। राष्ट्रिय हितलाई प्राथमिकता दिँदै आर्थिक कूटनीति सुदृढीकरण, लगानी आकर्षण र प्रविधि तथा पूर्वाधार सहकार्यलाई प्राथमिकता दिनुपर्छ।

देशलाई पछाडि पार्ने, व्यक्तिगत हितलाई राष्ट्रहितभन्दा माथि राख्ने प्रवृत्तिलाई पराजित गर्ने अवसर यही हो। परिवर्तन केवल नाराले सम्भव हुँदैन; संस्थागत सुधार, कानुनी शासन, पारदर्शी प्रशासन, उत्तरदायी नेतृत्व र सचेत मतदाता अनिवार्य छन्। हामीले आज गर्ने निर्णय भोलिको पुस्ताले मूल्यांकन गर्नेछ। यदि हामी भावनामा बगेर निर्णय गर्छौं भने परिणाम फेरि उही हुनेछ। तर यदि तथ्य, कार्यसम्पादन र इमान्दारिताको आधारमा नेतृत्व चयन गर्छौं भने नेपालले नयाँ दिशा लिन सक्छ। लोकतन्त्र केवल व्यवस्था होइन–यो निरन्तर अभ्यास हो, र देशको भविष्य प्रत्येक सचेत नागरिकको हातमा छ हामीले बारम्बार देखेका छौं–निर्वाचन नजिकिँदै जाँदा सडक कालोपत्रे हुन्छन्, अधुरा भवनमा रंगरोगन गरिन्छ, हतारमा शिलान्यास गरिन्छ, र जनताका घरदैलोमा पुगेर मीठा भाषण सुनाइन्छ। तर निर्वाचन सकिएपछि ती प्रतिबद्धताहरू प्रायः कागजमै सीमित हुन्छन्। विकासलाई निरन्तर प्रक्रियाको रूपमा होइन, चुनावी कार्यक्रमको रूपमा हेर्ने प्रवृत्तिले राष्ट्रलाई दीर्घकालीन रूपमा कमजोर बनाएको छ।

देशको आर्थिक अवस्था गम्भीर चुनौतीको सामना गरिरहेको छ। उत्पादन र रोजगारी सिर्जना गर्ने क्षेत्र कमजोर हुँदा आयातमा निर्भरता बढेको छ। व्यापार घाटा चुलिँदै गएको छ। वैदेशिक ऋणको भार बढ्दै जाँदा भावी पुस्तामाथि आर्थिक दायित्व थपिँदै गएको छ। ऋण आफैंमा समस्या होइन, तर ऋणको सदुपयोग नहुनु समस्या हो। यदि ऋण उत्पादनशील क्षेत्रमा लगानी भएर उद्योग, कृषि, ऊर्जा र पूर्वाधारमा रूपान्तरण हुन्थ्यो भने त्यसले दीर्घकालीन प्रतिफल दिन्थ्यो। तर योजनाबद्ध दृष्टिकोणको अभाव र भ्रष्टाचारका कारण अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।

कृषि, जुन नेपालको ठूलो जनसंख्याको जीवनाधार हो, अझै परम्परागत प्रणालीमा सीमित छ। युवा पुस्ता कृषिप्रति आकर्षित हुन सकेको छैन। मल, बीउ, सिंचाइ, भण्डारण र बजार व्यवस्थापनमा कमजोरी छ। कृषिलाई आधुनिकीकरण, व्यावसायिकीकरण र मूल्य शृंखलासँग जोड्न नसक्दा देश खाद्यान्नमा समेत आत्मनिर्भर हुन सकेको छैन।

उद्योग क्षेत्र पनि नीतिगत अस्थिरता, ऊर्जा आपूर्ति, लगानी सुरक्षाको अभाव र प्रशासनिक जटिलताका कारण अपेक्षित रूपमा विकास हुन सकेको छैन। वैदेशिक लगानी आकर्षित गर्ने वातावरण बनाउने कुरा भाषणमै सीमित रहँदा पूँजी पलायन र लगानीकर्ता निराशा बढेको छ।

युवाशक्ति देशको सबैभन्दा ठूलो सम्भावना हो। तर अवसरको अभावले गर्दा हजारौं युवा विदेशिन बाध्य छन्। यसले परिवार विखण्डन, सामाजिक असर र सीप पलायन जस्ता समस्या निम्त्याएको छ। यदि देशभित्रै उद्यमशीलता, प्रविधि, नवप्रवर्तन र रोजगारी सिर्जनालाई प्राथमिकता दिइन्थ्यो भने यही युवा शक्ति देश निर्माणको मेरुदण्ड बन्न सक्थ्यो।

भ्रष्टाचार विकासको सबैभन्दा ठूलो अवरोध हो। सार्वजनिक खरिद, ठेक्का प्रणाली, नियुक्ति प्रक्रिया र प्रशासनिक निर्णयमा पारदर्शिताको अभावले राज्य संयन्त्रप्रति अविश्वास बढाएको छ। भ्रष्टाचार केवल आर्थिक हानि होइन; यसले नैतिक पतन र सामाजिक अन्यायलाई पनि प्रोत्साहन गर्छ। जब इमान्दार व्यक्ति हतोत्साहित हुन्छ र अनियमितता गर्नेहरू पुरस्कृत हुन्छन्, तब प्रणाली नै कमजोर हुन्छ।

यस अवस्थामा नागरिक समाज, सञ्चारमाध्यम र न्यायपालिका पनि महत्वपूर्ण स्तम्भ हुन्। उनीहरूले निगरानी, खबरदारी र उत्तरदायित्व सुनिश्चित गर्न भूमिका खेल्नुपर्छ। तर यी संस्थाहरू पनि राजनीतिक प्रभाव र दबाबबाट पूर्ण रूपमा मुक्त हुन नसक्दा अपेक्षित प्रभावकारिता देखाउन सकेका छैनन्।

नयाँ नेतृत्वको उदयले आशा जगाएको छ। तर केवल नाराले परिवर्तन सम्भव हुँदैन। नयाँ नेतृत्वले पारदर्शी कार्यशैली, सार्वजनिक जवाफदेहिता र स्पष्ट नीति प्रस्तुत गर्नुपर्छ। डिजिटल प्रविधिको प्रयोग, खुला डाटा प्रणाली, सामाजिक लेखापरीक्षण र नागरिक सहभागिताले शासनलाई प्रभावकारी बनाउन सक्छ। साथै, पुराना इमान्दार र अनुभवी व्यक्तित्वहरूको योगदानलाई नजरअन्दाज गर्नु उचित हुँदैन। उनीहरूको अनुभव, नीति निर्माणको ज्ञान र प्रशासनिक समझलाई समेट्दै नयाँ पुस्तासँग सहकार्य आवश्यक छ। पुस्तान्तरण भनेको टकराव होइन, सहमति र सहकार्य हो। राष्ट्र निर्माण दीर्घकालीन प्रक्रिया हो। पाँच वर्षको कार्यकालमा सबै समस्या समाधान नहुन सक्छन्, तर सही दिशा तय गर्न सकिन्छ। त्यसका लागि स्पष्ट राष्ट्रिय प्राथमिकता आवश्यक छ– शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पूर्वाधार, सुशासन र सामाजिक सद्भाव।

मतदाता सचेत भए परिवर्तन सम्भव छ। भावनात्मक भाषण, जातीय वा क्षेत्रीय उत्तेजना, क्षणिक लोभ र व्यक्तिगत सम्बन्धभन्दा माथि उठेर राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्छ। उम्मेदवारको पृष्ठभूमि, विगतको काम, सम्पत्ति विवरण, सार्वजनिक व्यवहार र नीतिगत स्पष्टता मूल्यांकनका आधार हुनुपर्छ।

यदि जनताले बारम्बार उही असफल नेतृत्वलाई जिताइरहन्छन् भने परिवर्तनको अपेक्षा गर्नु व्यर्थ हुन्छ। लोकतन्त्रमा मत नै सबैभन्दा ठूलो शक्ति हो। सही प्रयोग भयो भने यसले देशको दिशा बदल्न सक्छ; गलत प्रयोग भयो भने पछुतो मात्र बाँकी रहन्छ। देशलाई बर्बाद पार्ने, व्यक्तिगत स्वार्थलाई राष्ट्रहितभन्दा माथि राख्ने, झुटा आश्वासन दिएर मत ठग्ने प्रवृत्तिलाई यसपटक निर्णायक रूपमा पराजित गर्न सकिन्छ। यो अवसर गुमाइयो भने फेरि वर्षौं पछाडि धकेलिन सक्छौं।

अन्ततः राष्ट्रको भविष्य कुनै एक नेता, दल वा समूहले मात्र निर्धारण गर्दैन। यो सामूहिक चेतना, उत्तरदायित्व र सक्रिय सहभागिताबाट निर्माण हुन्छ। आज हामीले गर्ने निर्णय भोलिको पुस्ताको आधार हुनेछ। त्यसैले निर्णय सोचेर गरौं, प्रमाण र कामका आधारमा गरौं, इमान्दार र सक्षम नेतृत्वलाई अवसर दिऔं, र देशलाई आत्मनिर्भर, समृद्ध र न्यायपूर्ण मार्गतर्फ अघि बढाऔं।



## गजल प्रवर्द्धन केन्द्र नेपालले यसरी गजल प्रवर्द्धन गर्दैछ




# शिवपुरी साहित्य समाज




साहित्यकारहरू आआफ्ना गुट उपगुटमा बाँडिएका देखिन्छन् । पुरस्कार र सम्मान आआफ्ना गुटकालाई दिने प्रचलन देखिन्छ । तर शिवपुरी साहित्य समाज यस प्रकारको गुटबाजीबाट धेरै पर भएको अनुभूति गरिएको छ । यसैवीच शिवपुरी साहित्य समाजद्वारा ६ स्रष्टा सम्मानित भएका छन् । वियोगी बुढाथोकीको संयोजकत्वमा रहेको ५ सदस्यीय छनौट समितिले विभिन्न सम्मान अर्पण गर्ने निर्णय गरेको हो ।

विष्णु पुष्पा साहित्यिक पत्रकारिता सम्मान-२०८२ नवराज रिजाल ( नव प्रज्ञापन),शिवपुरी गजल सम्मान-२०८२ आँचल कुमार शर्मा,काठमाडौं ,गौरी कार्की स्मृति मुक्तक सम्मान- २०८२ सुशीला पौडेल,लालबन्दी,सर्लाही र नरबहादुर भारती स्रष्टा सम्मान -२०८२ वरिष्ठ कवि शैलेन्द्र साकार ,काठमाडौंलाई समर्पण गर्ने सम्मान छनौट समितिको निर्णय रहेको छ ।

यसैगरी मान-शोभा प्रतिभा सम्मान- २०८२ प्रा.डा. लालमणी पाण्डे, सितगंगा-५अर्घाखाँची, शिवपुरी विष्णु-कृष्ण स्रष्टा सम्मान-२०८२ राम सञ्जेल, काभ्रेस्थली काठमाडौंलाई समर्पण गरिने भएको छ । सम्मानित एक स्रष्टाका अनुसार यस्तै सम्मानले उर्जा प्राप्त हुनेगरेको छ ।

शिवपुरी साहित्य समाजले २०८२ चैत २१ गते टोखा चण्डेश्वरीमा गुन्द्रुक, मकै, भटमास कार्यक्रमको आयोजना गरी सम्मान अर्पण गरिने समाजका महासचिव प्रकाश घायलले बताएका छन् । शिवपुरी साहित्य समाज वाङ्मयको विकासमा सकृय रूपमा कार्यक्रम गर्दै आएको संस्था हो । यो संस्थाले साहित्यकारहरूको सम्मान गरेर उत्साह भर्ने गरेको छ ।

## केही मुक्तकहरू



पक्का विश्वास छ भने कुनै दसी किन चाहियो
थाहा छ नम्बरी सुन हो फेरि कसी किन चाहियो
ताराको धिप धिपीले मात्र रोशनी हुने भए यहाँ
संसार चम्काउने त्यो जगमग शशी किन चाहियो ।

**- बालकृष्ण खनाल**



हे नारी तिमी किन कम्पित छौ
हे नारी तिमी किन सशंकित छौं
श्रेष्टिलाई जसरी चाहन्छौ हाँक,
नर नारी दुबैमा तिमी नै रंजित छौ ।

**- इन्दु तोदी**



ईच्छा आकांक्षा रहर मनभित्र पुर्नु पर्दोरहेछ
श्रमको मूल्य माग्न दिवस कुर्नु पर्दोरहेछ
दिवस आउँछन् जान्छन् सपना बाँडिन्छन्
कानुनी अधिकार पनि किताबमै पुर्नु पर्दोरहेछ ।

**- देवी काफ्ले**



विचार सत्ययुगीन छ, आचारमा कलि छ
सर्वत्र भुलभुलैया, इन्द्रजाल र छली छ
कसरी चिन्नु खै मान्छेभित्रको मान्छेलाई
यहाँ आँसु अनि मुस्कान दुवै नक्कली छ ।

**- विष्णुप्रसाद आचार्य**



जति सताए नि केवल तिम्रै माया लाग्छ
तिमीसँगै जुनी साट्ने रहर मात्रै जाग्छ
मोहनी नै पो छ कि प्रिय मौन इशारामा
तिम्रो यादमा भोक प्यास निद्रा सबै भाग्छ ।

**- गंगा खड्का**



लड्दै जादा दुख सङ्ग हार भएको छ
मेरो जिवन म आफैमा भार भएको छ
यसरी पनि दुख होला कहिल्यै सोचिएन
यहाँ न यता न उता बेकार भएको छ ।

**- अर्जुन अधिकारी**



एक्कासि मैले सोच्दै नसोचेको कुरा भयो
कलम हातमा बोकेकी थिए त्यो छुरा भयो
चकाचौध यो संसारमा अनेक मान्छे भेटिन्छ
गीता हातमा बोकेकै हो, च्यात्तिएको झुरा भयो ।

**- ममता मृदुल**



सम्झना आउँदा छिन छिन सोच्न पनि सक्दिन
बाबा नहुँदा लागेको ऋण सोच्न पनि सक्दिन
अभाव दुःख र पीडाका ती दर्दनाक बालापन
अहिले आएर त्यस्तो दिन सोच्न पनि सक्दिन ।

**- लक्ष्मी नेपाल**



सुनौलो बिहानीको यात्रा गर्नुपर्छ विश्वास समेटेर
हिड्न छोड्नु हुँदैन मनुष्य बाटो अप्ठ्यारो देखेर
समस्याको समाधान आफै खोज्छन् चाहत हुनेले,
चट्टानले रोक्न सक्दैन, रूख उम्रन्छ चट्टान तोडेर !

**- ज्ञानु बोगटी**



कर्म यस्तो गर जसले तिम्रो मान होस् ,
तिमीले गर्दा आमा बुवाको पहचान होस् ,
केवल आफ्नो देशमा मात्रै होइन
समस्त विश्वमै तिम्रो शान होस् ।

**- होमा खनाल**




हेरीरहे सबैको यो संसार यस्तै छ
जिउने जीवनको आधार यस्तै छ
चाहना रहरहरू त कति थिए कति
पुग्ने केही हैन मात्र हतार यस्तै छ ।

**- राधिका बानियाँ श्रेष्ठ**



सोझो रूख पहिला काटिन्छन् त म के गरू
औंकात नमिलेर नाता फाटिन्छन् त म के गरू
भन्छन् भन्न त गुणभन्दा धन ठूलो हैन संसारमा
तर पैसा हेरेर नै माया साटिन्छन् त म के गरू ?

**- बिकाश कठेत समर्पण**




# जीवनका विविध आयाम

क्रियाशील स्रष्टा रूकु कार्कीको *जीवनका विविध आयाम निबन्ध सङ्ग्रह* हो । यस कृतिभित्र त्रिशूलीको कलकल र जन्मभूमको माया, द्वन्द्व र युद्धकालीन अन्तर्पीडा, जीवन र मृत्युको सन्दर्भ, पशुपंक्षीको जीवनलीला लगायत शीर्षकका १९ निबन्धहरू छन् । यस सङ्ग्रहभित्रको त्रिशूलीको कलकल र जन्मभूमको माया शीर्षकको पहिलो निबन्धमा त्रिशूलीले मेरा मात्र होइन, जोकोहीका आँखा नलठ्याई छोड्दैन । जन्मभूमको स्नेह, मायाममता जहिले पनि मुटुबाटै बग्दोरहेछ सलल । उहिले नदीमा हाम फालेर पौडी खेलेका स्मृतिले मेरो मुटु कमाउँछ लेखिएको छ ।



*अरूणबहादुर खत्री*

रूकु कार्की नेपाली साहित्यका पाठकमाझ परिचित लेखक हुन् । बौद्धिकता र एकोहोरो प्रस्तुतिले निबन्ध पाठकहरूको दृष्टिमा बोझिलो विषय मानिन्छ । तर सामयिकता, फरक शैली, रोचक प्रस्तुति र ससाना कलात्मक वाक्यहरूको संयोजनले निबन्ध पठनीय पनि हुन्छ भन्ने कुरालाई निबन्धकार रूकुले साबित गरिदिएकी छिन् । कुनै कुनै निबन्ध कथाजस्ता पनि छन् । करूणा र भावुकताले भरिएका छन् । स्निग्ध प्रेमरसले ओतप्रोत भएका पनि छन् । द्वन्द्व र युद्धकालीन अन्तर्पीडा शीर्षकको निवन्धमा सङ्कटकालकै सम्झना हो पुस-माघको ठिहिऱ्याउने जाडो महिना थियो । चिसो बढिरहेको थियो । बाहिर सिरेटोले हानिरहेको थियो । काठमाडौंको चिसो बिहानी सातै बजे म त्रिभुवन राजपथको बाटो हेटौडा जाने उद्देश्यले घरबाट निक्लिएँ । कलङ्की पुगेर सानो बस चढे । बस चिसो हुस्सु चिर्दै कलङ्कीबाट थानकोट, नागढुङ्गा, नौबिसे, टिस्टुङ हुँदै पालुङ चेकपोष्टमा पुगेर रोकियो लेखेकी छिन् ।

रूकु आफ्नो समयको प्रतिनिधि आवाज बनेर ओकलिएकी फलाकिएकी छिन् निबन्धहरूमा । जीवन र मृत्युको सन्दर्भ शीर्षकको निबन्धमा पृथ्वी सहनशील छिन्, सुन्दर छिन् र उनमा सधैँ गर्भधारण गर्ने शक्ति छ । त्यसैले मान्छेको जन्म नै पृथ्वीबाट भएको हो । जन्मले मान्छे र पशुमा कुनै फरक छैन भनिएको छ । पशुपक्षीको जीवनलीला शीर्षकको निबन्धमा परेवाको पणयबन्धन आफ्नै प्रकारको छ । चुच्चो जोडेर प्रेम साटासाट गर्छन् । परेवाको प्रेम प्रसङ्ग त धेरै देखिन्छ नै । यिनीहरूको जीवन प्रेममय नै हुन्छ । यिनीहरूको सानो संसार नै छ भनिएको छ । नारी अस्मिताकी उद्‌बोधक योगमाया शीर्षकको निबन्धमा योगमायाको जन्म मितिको सम्बन्धमा विभिन्न भनाइ रहेको पाइन्छ । उनको जन्म वि.सं. १९२५ मा पूर्वी नेपाल भोजपुरको हाल षडानन्द नगरपालिका-१ नेपालेडाँडा गाउँमा मझुवाबेँसीको ब्राह्मण परिवारमा भएको थियो । उनी श्रीलाल र आमा चन्द्रकलाको जेठी सुपुत्री हुन् ।

सहज र सरल भाषा, तरल र कल्पनाशील भाव तथा सूक्ष्म व्यङ्ग्य चेतना भएका नेपाली निबन्धका स्रष्टा रूकु नेपाली निबन्ध सृजनाका समवर्ती चरणका सफल साधकका रूपमा स्थापित बन्दै गएकी छिन् । सृजनाका निरन्तरतामा जुटेका रूकुको प्रस्तुत कृतिको आधारभूम भनेको सामवर्ती नेपाली परिवेश हो र यस कृतिमा समाहित निबन्धको सृजनामा त्यसले महत्वपूर्ण भूमका खेलेको छ । रूकुका निबन्धहरू विविध विचार वा दर्शनभन्दा पनि मान्छेलाई केन्द्र बनाएर लेखिएका छन् । वाह्य रूपमा हेर्दा कुनै वर्णन वा आत्माभिव्यञ्जन जस्ता लागे पनि अन्तर्तहसम्म पुग्दा निबन्धहरू आत्मपहिचान हो भन्ने स्पष्ट देखिन्छ ।

प्रस्तुत निबन्धहरूमा उनका लागि शब्द जाल र टेढोमेढो भाषिक जञ्जालभन्दा पर उनको आफ्नो जीवनशैलीको अनुहार पनि हो । उनले लेखेका निबन्धहरूमा भाषागत उत्कृष्टता र मिठास प्रशस्तै पाइन्छ । निबन्धमा मूल विषय विस्तारित हुँदै जाँदा उठान गरिएको विषय पनि व्यापक हुँदै जान्छ, कथा, उपकथाहरू थपिदै जान्छन्, कलात्मकतामा चोपलिँदै चेतना व्यक्त हुँदै जान्छ । उनका निबन्धहरूमा कथामा प्रयोग गरिने कथात्मकता र रहस्यात्मकता पनि पाइन्छ । पाठकलाई अचम्म लाग्छ एउटै निबन्धमा लेखकका बिचारका तन्तुहरू कति फराकिदै जान सकेको र फेरि मूल उद्देश्यमा सलक्क मिलेर फर्किन सकेको ।

त्यो कालो दिन शीर्षकको निबन्धभित्र घर थर्रर हल्लियो । यो हल्लाइ अनपेक्षित थियो । होइन थर्रर पनि होइन जस्तो लाग्यो मलाई । घरको जगबाट ध्याटध्याट आवाज आयो । भूकम्प सुरूमा पछाडिपछाडि अनि तलमाथि सानो कम्पनबाट ठूलो कम्पन हुँदै दायाँबायाँ घुम्यो फनफनी रूकुले भनेकी छिन् । मातृदेवो भवः पितृदेवो भवः शीर्षकको निबन्धमा छोराछोरीको भविष्यका लागि बाबुआमाले अनेक सपनाका बिरूवा रोपेका हुन्छन् । असल र सुयोग्य बनाउन सङ्कल्प बोकेर सुखद जीवनका लागि भगवान्सँग बरदान मागेका हुन्छन् । कति भौतिक सुखसुविधा एवम् अभीष्ट र अभिलाषा साँचेका हुन्छन् भनिएको छ । छाउपडी पीडा शीर्षकको निबन्धमा ओहो, कति सङ्कुचित छौ हामी ? एक्काइसौ शताब्दीमा पनि छाउपडी प्रथालाई सोह्रौ शताब्दीका आँखाले हेर्छौ । अनि त्यस्तै व्यवहार गर्छौ भनिएको छ ।

रूकुका निबन्धमा सरल र शुद्ध नेपाली भाषाको सहज, सरस र स्वाभाविक प्रयोग गरिएको छ । उनका निबन्धहरू निकै सरल छन् । भाषामा सरलता र प्रस्तुतिमा रोचकताको कारण रूकुको निबन्धहरू पढ्दा कुनै बेला पनि असजिलो महसुस हुँदैन । नयाँ भाव, नयाँ भाषा, नयाँ शैली र नयाँ समाजको परिकल्पनामा उनले आफूलाई क्रमबद्ध रूपमा साधनारत तुल्याएको कुरा उनले लेखेका निबन्ध र नियात्राको चर्चा ख्याति र सामाजिक स्वीकृतिलाई मान्दछौं । उनका निबन्ध पढिरहदा पाठकहरूले रूकुका अनुभूतहरूलाई आफ्ना अनुभूतसँग एकाकार गर्न सक्छन् र निबन्धले उठाएको विषय र सन्दर्भलाई सहज रूपमा बुझ्न सक्छन् ।

यस सङ्ग्रह भित्रका धेरै निबन्धहरू व्यङ्ग्यात्मक पनि छन् र ती युगबोधी दृष्टिले पनि सर्वथा समकालीन छन् । समकालीन चेतनालाई शाश्वतीकरण गर्ने कला र बेग्लै खुबी रूकुको निबन्धकलाको निजत्व हो । भाषामा रफ्तार छ रूकुको । उनी छोटा छोटा वाक्य तथा वाक्यांश मार्फत जीवनका सन्दर्भलाई कोट्याउने, काव्यात्मक बिम्बको झलक दिने शब्दहरूको संयोजन गर्ने तथा पाठकलाई ताल्ने खालको कलात्मक वाक्य प्रयोग गरी निबन्धकौ प्रारम्भ गर्छिन् । वैदेशिक रोजगारीमा जानेहरूको पीडा शीर्षकको निबन्धमा खाडीमा गएर उम्लँदो तापक्रममा पसिना नबगाएसम्म हातमुख नजोडिने अवस्था छ । अशिक्षित, अर्धशिक्षित र बेरोजगार नेपालीले त खाडी र मलेसिया भरिन थालिसके भनेर रूकुले लेखेकी छिन् ।

रूकुको प्रस्तुत निबन्ध सङ्ग्रह नेपाली साहित्यको निबन्ध बिधामा एउटा महत्वपूर्ण सङ्ग्रह मान्न सकिन्छ । सरल भाषा, सहज अनुभूत र सुन्दर कलात्मक प्रस्तुतिमा सिर्जना गरिएका उनका निबन्धमा आफ्नै प्रकारको मौलिक आकर्षण पाइन्छ । रूकुका निबन्ध अरूको निबन्ध जस्ता एकै ठाउँमा थुप्रिएर र एउटा कीलामा बाँधिएका नभई यी कहिले कथानकसितै शिल्पको नदी उर्लेका छन्, कहिले बिम्बका अनुपम फूल फक्रेका छन् । निबन्धलाई मुक्तान्त विधा भनिएको छ । किनभने यसमा सधैँ अन्त्यको अभाव हुन्छ । अझैं बगिरहुँजस्तो हुन्छ । पाठकलाई पढीरहुँजस्तो । निबन्ध लेख्ने स्रष्टा कम छन् । मस्तिष्क र हृदय दुबै तत्वलाई स्वतन्त्र रूपले विचरण गर्ने ठाउँ नै निबन्ध हो ।

कृति: जीवनका विविध आयाम प्रकाशन: रत्न पुस्तक भण्डार, काठमाडौं ।




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## जवाफदेहीता नभए, प्रजातन्त्र रहँदैन

बहुदलपछिको ३७ वर्षमा राजनीतिक जवाफदेहीता देखिएन । यद्यपि चुनाव भए, बोल्न पाइयो, पार्टीहरू प्रतिस्पर्धामा पनि देखिए । तर जनताप्रति जवाफदेहीपूर्ण राजनीति कसैले पनि गरेनन् । यसकारण नेपालमा बहुदल, लोकतन्त्र नामको प्रजातन्त्र छ भन्नु भ्रम मात्र हो । प्रजातन्त्रमा हुनैपर्ने गुण भनेकै राष्ट्र (जनता) प्रतिको जवाफदेहीता हो ।

यही जवाफदेहीताको अभावले श्रीलंकामा ठूलै राजनीतिक दुर्घटना हुनपुग्यो । बंगलादेशमा पनि राजनीतिक दुर्घटना भएकै हो । बिस्तारै यी दुबै मुलुक चुनावमार्फत जवाफदेहीतातिर उन्मुख भएका छन् । अराजकता र अस्थिरताबाट स्थिरतातिर अघि बढेको अनुभूति हुनथालेको छ ।

नेपालले श्रीलंका, बंगलादेशबाट सिक्नुपर्ने विषय भनेकै जनतामाथिको विश्वास गर्नु हो । जनता के चाहन्छन्, यो बुझ्नु जनप्रतिनिधिको पहिलो कर्तव्य हो । जनताको आवाज नसुन्नु भनेकै गैरजिम्मेवार राजनीति हो । जनताप्रति जवाफदेही हुननसक्दा भदौ २३ र २४ गते भुल्नै नसकिने राजनीतिक घटना घट्नपुग्यो, जेनजी पुस्ताको नरसंहार भयो । यो नरसंहारको कारक राजनीति जवाफदेहीता नहुनु हो । अहिले पनि जेनजी पुस्ताका ७६ जनालाई राज्यले मार्‍यो तर कसैले जिम्मेवारी लिएनन् । योभन्दा राजनीतिक अकर्मण्यता के हुनसक्छ ? यस्तो गैह्रजिम्मेवारी राजनीति होइन, अपराध हो, प्रजातन्त्रमा कुनै पनि सरकार अपराधी हुनु दुर्भाग्यपूर्ण स्थिति हो ।

फागुन २१ मा नेपालमा आमचुनाव हुँदैछ । यो चुनाव स्वच्छ, स्वस्थ र भयरहित वातावरणमा हुनुपर्छ । यसका लागि राज्यले सुरक्षा प्रवन्ध र निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण कार्य गर्छ । तर जिम्मेवार हुनुपर्ने चुनावमा सहभागी पार्टीहरू नै हो । पार्टीहरू अराजक भए भने हिंसा हुनसक्छ, चुनाव प्रभावित हुनजानेछ । भदौरे परिवर्तनपछि शून्यतामा गइसकेको स्थिति चुनावबाट सम्हालिने तैयारीमा छ । यसकारण पनि यो चुनाव महत्वपूर्ण छ र चुनावमा कसले जित्छ वा हार्छ भन्दा पनि राष्ट्रियता संकटमा परिसकेकोले अस्तित्व बचाउनका लागि पनि चुनाव अनिवार्य रहेको छ । राष्ट्र सकसमा छ, समाज सकसमा छ, कानुनव्यवस्था सकसमा छ, संसद छैन, सरकार अन्तरिम छ, यो स्थितिमा राजनीतिक सहमति र सहकार्यका साथ अघि बढ्नसके सुनमा सुगन्ध हुनेछ । नसके पनि चुनाव हुनुपर्छ र चुनावपछि संविधान के कस्तो बनाउने, कसरी राष्ट्रिय राजनीति अघि बढाउने र सुशासन कसरी कायम गराउने भन्ने विषयमा गम्भीर हुनुपर्नेछ । निर्वाचनपछि जनप्रतिनिधि प्रजातन्त्र, राष्ट्रियता, एकताप्रति जवाफदेही भइदिए भने देशको अन्यौलता बिस्तारै सुधारिदै जानेछ । उत्तरदायी जनप्रतिनिधि र प्रणाली दुबै हुनुपर्छ । यसैका लागि चुनाव महत्वपूर्ण हुनपुगेको हो । यो चुनाव जेनजी पुस्ताको आन्दोलनपछि भएकाले पनि जिम्मेवार नेतृत्व छनौट हुनेछन् ।

एकप्रकारले परिवर्तन चाहने र यथास्थितिवादीहरूवीचको जनमत संग्रह भन्दा पनि हुन्छ यो चुनावलाई । चुनावी परिदृश्य हेर्दा लाग्छ, जनता उत्साहित छन्, चुनावी लहर देखिएका छन् । संगठित पार्टी र संगठनको प्रयास रिरहेका नयाँहरू पनि प्रतिस्पर्धाका लागि आतूर देखिन्छन् । एउटा कुराचाहिं के प्रष्ट छ भने ३७ वर्षदेखि जुनप्रकारले शासनसत्ता चलेको थियो, त्यसमा परिवर्तन आउनेछ । जनताप्रति जवाफदेही शासन सुरू हुनेछ । चाहे जुनसुकै व्यक्ति वा पार्टीले चुनाव जितुन्, बहुमतको वा गठबन्धनको सरकार बनोस् तर जनताप्रति जवाफदेहीतापूर्ण शासन सुरू हुनेछ । यो नै परिवर्तनको उपलब्धि हुनेछ ।

# चुनावबाट राष्ट्र उठाउन नागरिक जुट्नुपर्छ




फागुन २१ आयो । चुनावको रौनक देशैभरि छाएको छ । चुनावमा नागरिक जुट्नुपर्छ, अब राष्ट्र उठ्नुपर्छ । यो चुनावका बारेमा उठेको यक्ष प्रश्न भनेको चुनाव त होला, यो चुनावमा राष्ट्र जित्छ कि हार्छ ? अब राष्ट्रले जित्नुपर्छ, अब नागरिकले जित्नुपर्छ ।

बहुदलपछिको ३७ वर्ष धेरैपल्ट चुनाव भयो, धेरै राजनीतिक परिवर्तनहरू भए, तर राष्ट्रले जितेन, जनताले जितेनन् । प्रजातन्त्रमा राष्ट्रले हार्न सक्दैन । प्रजातन्त्र भनेको जनताप्रतिको, देशप्रतिको जवाफदेहीता हो । ३७ वर्षको बहुदल, लोकतन्त्र कालखण्डमा कुनै पनि दल वा नेताले जनताप्रति जवाफदेहीता देखाएनन् । प्रजातन्त्रको चीरहरण गरिरहने र पानीमाथिको ओभानो भइरहने नेतृत्वको राजनीतिक अपराधिकरणका कारणले देशले हारिरह्यो, जनताले हारिरहे । यही हारका कारणले ३७ वर्षको प्रजातान्त्रिक अपराधशाला जेनजीले भताभुङ्ग पारिदिएका छन् । परिवर्तन आएको छ, परिवर्तन छाएको छ । परिवर्तनका लागि चुनाव हुँदैछ । यो चुनाव आफैमा परिवर्तन हो । यो चुनाव देशले जित्न, जनताले जित्नका लागि भइरहेको छ । जनताले जनताप्रति जवाफदेही हुनसक्ने नेतृत्व चयन गर्न सके भने देशले हार्नेछैन, जनताले हार्ने छैनन् । फागुन २१ को पूर्वसन्ध्यामा जनता जागरूक बनेका छन्, जनतामा अभूतपूर्व चेत आएको छ । जनताले विश्वास गरेका छन् कि उनीहरूको यसपल्टको मतदान खेर जानेछैन । जनताको मतपत्रले परिवर्तनको आह्वान गर्नेछ । सामाजिक न्यायदेखि राष्ट्रियता र राष्ट्रिय एकतासम्मको जगेर्ना गर्नेछ । जातजाति, भाषाभेष, धर्म, हिमाल-पहाड-तराईलाई विभाजित गरेर राजनीतिक स्वार्थ पूर्तिगर्नेहरू पराजीत हुनेछन् । प्रजातन्त्रको उदारताको सुरूआत हुने विश्वास बढेको छ । यसकारण समाज उत्साहित छ ।

चुनावमा सहभागी भएर जनताले धेरै खेपे, धेरै खपे । जनताले अमूल्य मतदान गरे, जनताले अपनत्व ग्रहण गर्नसक्ने चुनावी परिणाम, चुनावपछिको कुनै पनि सरकारले दिएनन् । चुनाव पञ्चायतमा भयो, बहुदलमा पनि भयो । चुनाव दुईपल्ट संविधानसभाको पनि भयो । संविधान बनेपछि पनि ०७४ र ०७९ मा चुनाव भएकै हो । चुनाव हुँदैमा देश जित्ने रहेनछ, जनताका आशा र अपेक्षा पटक पटक हार्ने पनि चुनाव हुनेरहेछ । अहिलेसम्मको चुनावी अभ्यासले देश जितेको उदाहरण छैन । जनताले जितेको अनुभूति पनि भएन ।

यहीकारण त २०६३ को परिवर्तन हातलाग्यो शून्य भयो । २०६५ को संविधानसभाले राजतन्त्र किनारा लगायो, धर्मनिरपेक्षता ल्यायो । केही दल र दलका नेताहरूले चुनाव परिवर्तन जिते । संविधान जारी भयो, सिंहदरवारको शक्ति विदेश पुर्‍याइयो, देश हार्‍यो । संविधान जारी भएपछि पनि दुईपल्ट चुनाव भयो, नेताहरूले जिते, जनताले हारे ।

यही हारको आक्रोशले भदौरे वर्षाजस्तो आश्चर्यजनक परिवर्तन ल्यायो । परिवर्तन ल्याउने जेनजी पुस्ताका ७६ जना मारिए, जेनजीका आमा, हजुरबाउहरू सत्तामा पुगे । जेनजीको मागहरू असरल्ल छरिए, जेनजीले हारे । अब जेनजीकै नाममा बनेको सरकारले फागुन २१ मा चुनाव गराउने निधो गरेको हो । यो चुनावले जनता जित्छन् कि देश जित्छ कि ? आशा छ, भरोसा छैन । फेरि पनि विदेशीले जित्ने, नेताले जित्ने, पार्टीले जित्ने, भ्रष्टाचारले जित्ने, कुशासनले जित्ने, अपराधले जित्ने, अन्यायले जित्ने जोखिम बढी छ । यसपल्टको सुखद पक्ष भनेको जेनजी पुस्ताले देशव्यापी रूपमा बढाएको जनचेतना रहेको छ । यही चेतले यो चुनावलाई यथार्थ चुनाव बनाउने आशा गर्न सकिन्छ ।

यसकारण फागुन २१ को चुनाव हुँदैछ, प्रश्न यत्ति छ कि यो चुनावले राष्ट्र जितोस्, जनता जितुन । स्वार्थ, राष्ट्रघात र अपराध हारून् ।

चुनावको माहोला तीव्र गतिमा अघि बढेको छ । यो प्रजातान्त्रिक अभ्यास हो, सबैले स्वीकारेका पनि छन् । तर निर्वाचन देश र जनताले अपनत्व लिनेखालको हुनुपर्छ । देश र जनताले जितेको अनुभूति हुनुपर्छ । चुनावका लागि चुनावमात्र हुनुहुन्न । जनताले जयजयकार गर्नसक्ने नतिजामुखी चुनाव हुनुपर्छ ।

हुन त यो चुनाव कुन संविधानअनुसार हुँदैछ, उद्देश्य के हो ? प्राप्ति हुने के के हो, निर्वाचनले कुन खालको परिवर्तन ल्याउने हो ? ०८४ मा हुनुपर्ने निर्वाचन ०८२ मा हुँदैछ, तर संविधान खरानी भएको अवस्थामा । यसकारण यो निर्वाचनले देश र जनताले जित्छ कि अरू कसैले प्रश्न उठेको हो ।

नेपालीले धेरैपटक चुनाव देखे, ३७ वर्षमा ३० खालका सरकार पनि देखेकै हो । लोकतन्त्रकै कुरा गर्ने हो भने १७ वर्षमा १५ सरकार फेरियो, लाभ पार्टीका नेता र तिनका आसेपासेलाई भयो, देश र जनता ठगिए, लुटिए । यसैलाई लोकतन्त्र भनियो । जुन गलत थियो ।

यो चुनाव परिवर्तनका लागि हो कि भ्रम हो ? परिवर्तनका लागि हो भने मुहारमात्र फेरिने हुन् कि व्यवहार पनि फेरिने हो ? सपना वा भ्रम हो भने त नेपाल र नेपालीले लामो समय सपना र भ्रममा बाँचेर थाकिसकेको स्थिति छ । अब जनताको थाकेको मुहारमा, ओइलाएको राष्ट्रियता उज्यालो हुनुपर्छ । चुनावले दिने भनेकै जनचाहना हो, परिवर्तन हो । जब जनताको आवाज सुनिन्छ, संवोधन हुन्छ, त्यहीँनेर जनताप्रति, देशप्रति जवाफदेही राजनीतिको सुरूआत हुनेगर्छ । यो चुनावबाट चाहेको यही हो ।

चाहिएको राष्ट्रिय समस्याको समाधान हो । यसकारण चुनाव यथार्थ हुनुपर्छ र राष्ट्रिय समस्याको समाधान हुनुपर्छ । समाधान गर्न चुनावी मैदानमा देखिएका ६८ पार्टीहरू र ३४०६ उमेदवारहरूले राष्ट्रिय सहमति गरेको देखिदैन । हरेक नेता अर्कोलाई खुइल्याउने अग्रसर छ, एकले अर्कोलाई लछार्नपछार्न सकृय छ । एकले अर्कोको घृणा फैलाइरहेको देखिन्छ, सुनिन्छ । घृणा फैलाउनु भनेको अराजकता हो । चुनाव संसदका लागि भइरहेको छ, व्यवहार असंसदीय देखिन्छ । यसकारण पनि प्रश्न छ, यो चुनावले देश जित्छ कि विदेश ? जनता जित्छन् कि पराई ? यो चुनावलाई देश र जनता जित्ने चुनाव बनाउन सबैले लगनशील भएर, विवेकी बनेर लाग्नुपर्नेछ । फागुन २१ को चुनाव संघारैमा आयसक्यो । हामी छौं चाहिं कता ? चौरस्तामा उभिएर चुनावको अर्थ र औचित्य कसरी पुष्टि हुन्छ ? यो गम्भीर परिस्थिति हो । देशको अस्तित्वको संकट हो । हरेक पार्टी झूठ बोलिरहेका छन्, हरेक नेता सपना बाँडिरहेका छन् । सत्यमा कोही उभिएका देखिदैनन्, सत्य कोही बोलिरहेका छैनन् ।

समस्या समाजमा छ, समस्या आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक सबैतिर छ । समस्या विविधतामा एकता कायम गर्ने छ । समस्या विकास र निर्माणमा छ । समस्या सुशासन किन भएन भन्ने छ ? समस्या राष्ट्रिय नीति, परराष्ट्र विश्वसनीयतामा छ । तर राजनीतिक शक्तिहरू छरिएका छन्, मुखैपिच्छे अलग अलग कुरा लिएर हिडेका छन् । ३ करोड जनता भएको मुलुकमा ८० लाख विदेशीएका छन्, बालबृद्धको संख्या उत्तिकै छ । यति सानो मुलुकमा ६८ दल चुनावी मैदानमा छन् । १६५ सिटका लागि ३४०६ उमेदवार चुनाव लडिरहेका छन् । यी सबै देश बनाउन अग्रसर छन् कि सांसद भएपछि लुट्न पाइन्छ भनेर आकर्षित भएका हुन् ? केही गर्छु भनेका हुन् भने तिनको ठोस् योजना किन सार्वजनिक हुँदैन ?

आज देशमा हरेक यौटा व्यक्ति अर्कोसँग सशंकित छ । यसको अर्थ सुरक्षा प्रत्याभूतिको स्थिति खलबलिएको छ । सुरक्षा नै छैन भने चुनावले सुरक्षा दिन्छ ? चुनाव पछि सुरक्षित वातावरण आउँछ ? कतै देश प्रयोगशाला त भइरहेको छैन । पटक पटक चुनाव भयो, परिवर्तन आयो, देश र जनताको अवस्था किन खस्कदै गयो ? यसको अर्थ हो प्रणाली असल भए पनि अगुवा कमसल पर्‍यो । नीति, नैतिकता नेतामा बाँकी रहेन ।

साँच्चै भन्ने हो भने १९०३ को कोतपर्व र अहिलेको राजनीतिमा खासै फरक छैन । यो चुनाव पनि भदौ २३ को कोतपर्वपछि नै हुनलागेको छ । न त्यतिबेला कसैमाथि दण्ड दिइयो, न अहिले ७६ जना मारिदा पनि कोही दण्डित भए । नेपालको सत्ता राजनीति नै खुकुरी, हत्या, हिंसाबाट अघि बढेको छ । जवाफदेहीता नभएको राजनीति ।

यथार्थमा २०६५ सालको संविधानसभाले राजतन्त्र र हिन्दुराष्ट्र फाल्नु पनि कोतपर्व नै थियो ।

समस्या पद्धति थिएन, समस्या संविधान थियो । संविधानमा देशका सबै राजनीतिक शक्तिहरूलाई समेटेको भए समस्या आउने नै थिएन । जनताका सन्तानले ज्यान गुमाउनु पर्ने थिएन । संवैधानिक संरचना खरानी हुने थिएनन् । अझै पनि संवाद, सहमति र सहकार्य गरेर देश निर्माणमा अग्रसर हुने हो भने राष्ट्रिय अस्तित्व जगर्ना गर्न सकिन्छ । शान्ति, समृद्धि ल्याउन सकिन्छ । देशले जित्न सक्छ, जनताले जित्न सक्छन् ।

यसका लागि बुद्धिजीवी, थिङ्क टेंकदेखि चेतनशील सबैले विवेकशील हुनुपर्‍यो । विवेकी हुनासाथ दूध र पानी छुट्याउन, गलत र सही खुट्याउन सकिन्छ । आफ्ना भनेपछि जे पनि सहने र अर्को भनेपछि जसरी पनि दुत्कार्ने, आलोचना गर्ने गलत प्रवृत्तिले प्रश्रय पाउँदा नै वास्तावमा देशमा राजनीतिक विकृति र बिसंगति बढेको हो । राजनीति मूल हो, मूल प्रदूषित भएपछि नदी स्वच्छ हुनैसक्दैन । यही कारण हो शासन सत्तामा कानुनव्यवस्था बिथोलिएको । कानुन व्यवस्था बिथोलिएपछि जनतामा नैराश्यता बढ्छ, असन्तुष्टि चुलिन्छ र सडकमा पोखिन थाल्छ । समयमै जनआवाज सुन्न सकियो र असन्तुष्टि संवोधन गर्न सकियो भने सच्चिन सकिन्छ, सच्याउन सकिन्छ । यही नहुँदा भदौरे आन्दोलन भयो र बनिबनाउ सबै ध्वस्त हुनपुगे, खरानी हुनपुगे । सक्किने दिन आयो, सक्कियो । नयाँ सुरू हुँदैछ ।

फागुन २१ को चुनावले संविधान निर्माण गर्नुछ, खरानीमाथि शासनसत्ता खडा गर्नुछ । जनताको आशा र अपेक्षा परिपूर्ति गर्नुछ । राष्ट्रिय समस्या र द्वन्द्वहरू समाधान गर्नुछ । यी सबै कार्य अहंकारबाट सम्भव छैन । सबैले अहंकार त्यागेर संवाद, सहमति र सहकार्य गर्ने हो भने निषेध र विभेदको अन्त्य र राजनीतिक स्थिति संग्लिन सक्छ । यसतिर राजनीतिक दलहरूको ध्यान जाने हो भने प्रजातान्त्रिक राष्ट्रवादको शिर उठाउन सकिन्छ । संस्थागत गर्न सकिन्छ ।

यो चुनावमा राष्ट्र र जनताले जित्नुपर्छ । यसका लागि सबैको सामुहिक प्रयास अनिवार्य छ । एक हौं ।






Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# राजाको सन्देशलाई सन्दर्भमा हेरिनुपर्छ



विश्लेषण

**डा. जनार्दन सुवेदी**

पूर्वराजा ज्ञानेन्द्र वीरविक्रम शाह देवको हालैको सार्वजनिक सन्देश स्वतन्त्र रूपमा उत्पन्न भएको होइन । वर्तमान राजनीतिक वातावरणको अशान्तिले यसलाई प्रभावित गरेको हो । नेपाल गठबन्धन परिवर्तन, पुस्तागत सामाजिक अशान्ति, संस्थाप्रति अविश्वास, र सार्वभौमिकता तथा बाह्य प्रभावबारे बढ्दो बहसले चिन्हित स्पष्ट अस्थिरता अनुभव गरिरहेको छ । राजाको भनाइलाई ठीकसँग बुझ्नका लागि सन्दर्भमा हेर्नुपर्छ, वक्तव्य रूपमा होइन ।

भाषणका विषयहरू नापिएका र नागरिक शैलीमा प्रस्तुत गरिएका थिए । नेपाल भ्रम र अशान्तिको सामना गरिरहेको छ । राजनीतिक परिवर्तनलाई परिणामका आधारमा मूल्याङ्कन गर्नुपर्छ । जवाफदेहीतालाई अनन्तकालसम्म स्थगित गर्न सकिँदैन । नागरिकहरूले एकअर्काविरूद्ध फर्किनु हुँदैन । अधिकारसँगै कर्तव्य सन्तुलित हुनुपर्छ । संरचनात्मक राष्ट्रिय मुद्दाहरूलाई यान्त्रिक निर्वाचन चक्रभन्दा प्राथमिकता दिनुपर्छ । जे काम गर्छ त्यसलाई कायम राख । जे हानि पुऱ्याउँछ हटाऊ ।

यी प्रस्तावहरू विचारधारात्मक होइनन्; यी नागरिक हुन् । तिनीहरूको वैधता संस्थागत प्रदर्शनमा निर्भर हुन्छ, रूचिमा होइन । तर सार्वजनिक प्रतिक्रिया तुरून्तै ध्रुवीकृत भयो । सन्देशको सारसँग संलग्न हुने सट्टा धेरै आलोचकहरूले प्रतीकात्मकतामा ध्यान दिए । चिन्तनलाई पुनर्स्थापनाका रूपमा देखियो, मूल्याङ्कनलाई पछाडि फर्किने रूपमा प्रस्तुत गरियो ।

यी प्रतिक्रियाहरूले सन्देशभन्दा बढी आधुनिक राजनीतिक संवादको नाजुकता प्रकट गर्छन् । लोकतान्त्रिक सिद्धान्तकारहरूले लामो समयदेखि संस्थागत वैधता केवल प्रक्रियागत अनुपालनमा होइन, सार्वजनिक विश्वास र देखिने प्रभावकारितामा पनि निर्भर हुन्छ भनेका छन् । जब राजनीतिक प्रणाली असुरक्षित महसुस गर्छ, तिनीहरूले प्राय: परीक्षणलाई सुधारको अवसर होइन, खतरा ठान्छन् । यस्तो रक्षात्मकता लोकतान्त्रिक आत्मविश्वासलाई बढाउने सट्टा कमजोर बनाउँछ ।

१९९० पछि नेपालको राजनीतिक मार्ग दक्षिण एशियामध्ये सबैभन्दा छिटो संस्थागत परिवर्तनमध्ये एकलाई प्रतिबिम्बित गर्छ । १९९० मा बहुदलीय लोकतन्त्रमा फर्कनु, १९९६ देखि २००६ सम्मको दशक लामो विद्रोह, व्यापक शान्ति सम्झौता, २००८ मा राजतन्त्रको अन्त्य, २०१५ मा संविधानको अंगीकरण, र संघीय पुनर्संरचनाको सुरूवातले नेपाली राज्यलाई रूपान्तरण गऱ्यो । यी परिवर्तनहरू समावेशीकरण, जवाफदेहिता, स्थिरता, र समृद्धिमा केन्द्रित ढाँचामार्फत औचित्यपूर्ण बनाइएका थिए । तर संस्थागत पुनर्संरचना र लोकतान्त्रिक सुदृढीकरण एउटै प्रक्रिया होइनन् । राजनीतिक रूपान्तरणले औपचारिक संरचनाहरू परिवर्तन गर्छ, जबकि लोकतान्त्रिक सुदृढीकरण दीर्घकालीन सार्वजनिक विश्वास, प्रशासनिक दक्षता, नीतिगत स्थिरता, र पुस्तागत आत्मविश्वासमा निर्भर हुन्छ । यी तत्वबिना लोकतान्त्रिक संस्थाहरू प्रक्रियागत रूपमा काम गर्न सक्छन् तर मूलमा नाजुक रहन्छन् ।

यी मापदण्डका आधारमा नेपालको सुदृढीकरण अपूर्ण छ ।

२०१५ मा संविधान अंगीकरण भएदेखि नेपालले गठबन्धन बनाउने र भंग गर्ने दोहोरिने चक्र अनुभव गरेको छ । सरकारहरू दीर्घकालीन नीतिगत आदेशभन्दा गठबन्धनको फेरबदल मार्फत बनेका छन् । प्रधानमन्त्रीहरू एक दशकभित्रै पटक-पटक बदलिएका छन्, र नीतिहरू पनि तदनुसार फेरिएका छन् । प्रशासनिक निरन्तरता असंगत रह्यो, र दीर्घकालीन योजना प्राय: छोटो अवधिको राजनीतिको लागि पछाडि सारियो ।

सार्वजनिक विश्वासले यी संरचनात्मक ढाँचाहरूलाई प्रतिबिम्बित गर्छ । ठूलो मात्रामा युवाहरूको विदेशप्रति पलायन जारी छ, हरेक वर्ष लाखौँ नेपाली रोजगारीका लागि विदेश गइरहेका छन् । रेमिट्यान्सले राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगट्छ, कहिलेकाहीँ सकल घरेलु उत्पादनको चौथाईसम्म । रेमिट्यान्सले परिवारलाई महत्वपूर्ण सहयोग पुऱ्याए पनि, विदेशी श्रम बजारमा निर्भरता घरेलु आर्थिक चुनौतीलाई पनि उजागर गर्छ ।

यी संकेतहरू प्रणालीगत कमजोरीका हुन्, पक्षपाती दृष्टिकोणका होइनन् ।

यो अनुवादमा मूल पाठको औपचारिकता, नागरिक स्वर, र विश्लेषणात्मक गहिराइ जस्तै राखिएको छ । तपाईं चाहनुहुन्छ भने म यसलाई अझै बढी शैक्षिक वा पत्रकारितामुखी शैलीमा परिष्कृत गर्न सक्छु । यसै सन्दर्भभित्र राजाको चिन्तनको आह्वानलाई बुझिनुपर्छ । सन्देशले संस्थागत उल्टोफेरको सुझाव दिएको थिएन । यसले संवैधानिक पुनर्संरचनाको प्रस्ताव गरेको थिएन । यसले पुनर्स्थापनाको वकालत गरेको थिएन । बरू, यसले मूल्याङ्कनको आह्वान गऱ्यो– साँच्चिकै आवश्यक भएको समयमा ।

जेनजीको राजनीतिक सक्रियताको उदयले उनीहरूको असन्तुष्टि कति गहिरो छ भन्ने देखाउँछ । युवा नेपालीहरू अनलाइनमा जोडिएका छन्, राजनीतिक रूपमा सचेत छन्, र बढ्दो रूपमा मुखर छन् । उनीहरूको सक्रियता लोकतन्त्रको अस्वीकृति होइन, बरू लोकतान्त्रिक संस्थाहरू कसरी काम गर्छन् भन्नेप्रति असन्तुष्टि हो । उनीहरूको गुनासो मुख्यत: भ्रष्टाचार, अक्षमता, बेरोजगारी, र राजनीतिक अभिजात वर्ग जवाफदेहिताबाट सुरक्षित भएको अनुभूतिमा केन्द्रित छ ।

यो भिन्नता अत्यन्त महत्वपूर्ण छ । जब एउटा पुस्ताले लोकतन्त्रलाई नै प्रश्न गर्छ, प्रणालीगत वैधता जोखिममा पर्छ । जब एउटा पुस्ताले लोकतान्त्रिक संस्थाहरू कसरी काम गर्छन् भन्ने प्रश्न गर्छ, त्यो उनीहरूको प्रणालीगत परिपक्वता हो । पुस्तागत असन्तुष्टि स्वभावत: अस्थिरता ल्याउने होइन । धेरै लोकतान्त्रिक समाजहरूमा युवाहरूको सक्रियताले संस्थागत नवीकरणलाई प्रेरित गरेको छ । तर जब पुस्तागत असन्तुष्टि देखिने राजनीतिक अस्थिरता र आर्थिक अनिश्चिततासँग मिल्छ, समग्र प्रभावले प्रणालीले प्रगति दिन सक्ने आत्म विश्वासलाई कमजोर बनाउन सक्छ ।

प्रम कार्कीको सरकारलाई घेरेको राजनीतिक अशान्तिले अस्थिरताको धारणा बढाएको छ । गठबन्धनको नाजुकता, बदलिँदो सहकार्य, विवादित नीतिगत प्राथमिकता, र बाह्य प्रभावको आरोपहरूले अनिश्चितताको वातावरण सिर्जना गरेका छन् । यी संरचनात्मक समस्याहरूलाई सम्बोधन गर्ने सट्टा, सरकार र यसको राजनीतिक सहयोगीहरूले निर्वाचन प्रक्रियालाई प्राथमिकता दिएको देखिन्छ–त्यो पनि धेरै नागरिकले तनावपूर्ण र अस्थिर ठानेको अवस्थामा । प्रणालीगत प्राथमिकता मूल्याङ्कन गर्ने सट्टा, निर्वाचनहरू मतपत्र र सशस्त्र सुरक्षासहित अगाडि बढिरहेका छन् । यसले निर्णय नौकरशाही असंवेदनशीलता, राजनीतिक जडता, बाह्य दबाब प्रेरित भएको हो कि भन्ने प्रश्न उठाउँछ ।

यस्तो वातावरणमा चुनाव गर्नुपर्ने आग्रहले प्राथमिकताबारे चुनौतीपूर्ण प्रश्नहरू उठाउँछ । चुनावहरू सार्वजनिक विश्वासलाई प्रतिबिम्बित गर्नका लागि हुन्, अस्थिरता र ध्रुवीकरणले चिन्हित वातावरणमा प्रक्रियागत वैधता दिनका लागि होइन ।

यस प्रकारको अडानलाई नजिकबाट परीक्षण गर्नुपर्छ । जब सरकारहरूले संस्थागत सुदृढीकरणभन्दा चुनावको समयतालिकालाई प्राथमिकता दिन्छन्, पर्यवेक्षकहरूले यस्ता निर्णयहरू मुख्यत: घरेलु आवश्यकताले वा तत्काल लोकतान्त्रिक सन्दर्भबाहिर बनेका अपेक्षाले प्रेरित भएको हो कि भन्ने प्रश्न गर्न उचित ठान्छन् । मुद्दा केवल एउटा चुनाव चक्रको होइन; यो लोकतान्त्रिक प्रक्रियाहरूलाई यथार्थ लोकतान्त्रिक प्रदर्शनको विकल्पका रूपमा प्रयोग गरिँदैछ कि भन्ने हो ।

नयाँ चुनावको तत्काल आह्वानले अझ गहिरो लोकतान्त्रिक प्रश्न पनि उठाउँछ । के नागरिकहरूलाई साँच्चिकै परामर्श गरिएको छ कि अर्को चुनाव चक्र उनीहरूको तत्काल प्राथमिकता हो? देश पहिले नै बढ्दो वित्तीय दबाब र संस्थागत तनावमा छ । अन्तिम राष्ट्रिय चुनाव केवल तीन वर्षअघि भएको थियो । आधारभूत शासन समस्याहरूलाई सम्बोधन नगरी यति चाँडै अर्को चुनाव गर्नु प्रक्रियागत औपचारिकता मात्र बन्ने जोखिम छ । लोकतान्त्रिक वैधता केवल मतदानबाट होइन, जनताको आवश्यकताप्रति उत्तरदायित्वबाट पनि आउँछ । जब राष्ट्र आर्थिक चुनौती र संस्थागत अस्थिरताको सामना गर्छ, चुनावको समय महत्त्वपूर्ण निर्णय हुन्छ, प्रक्रियागत कुरा होइन ।

नेपाल अझै पनि ठूलो वित्तीय दबाबको सामना गरिरहेको छ, रेमिट्यान्स र बाह्य सहयोगमा भारी निर्भर रहँदै । यस्ता परिस्थितिमा, दोहोरिने राष्ट्रिय चुनावहरूले राजनीति मात्र होइन, वित्तीय बोझ पनि बढाउँछन् । चुनावहरू लोकतान्त्रिक वैधताका लागि अत्यावश्यक छन्, तर ती देशले गर्ने स्रोत-गहन प्रक्रियामध्ये एक हुन् । स्थिर संस्था र आर्थिक स्थिरता बिना, बारम्बार चुनाव गर्नु उचित शासनको विकल्प बन्ने जोखिम छ ।

बारम्बार चुनावको समर्थकहरूले नियमित निर्वाचन प्रतिस्पर्धाले लोकतान्त्रिक जवाफदेहिता बढाउँछ र शक्तिको केन्द्रीकरण रोक्छ भन्छन् । यो तर्क महत्त्वपूर्ण छ । चुनावहरू लोकतान्त्रिक वैधताको आधार रहन्छन् । तर बारम्बार चुनावले कमजोर संस्थालाई पूर्ति गर्न सक्दैन । जब सरकारहरू बारम्बार बदलिन्छन् तर शासन सुधार हुँदैन, दोहोरिने चुनावहरूले मतदाता थकान ल्याउने जोखिम हुन्छ, आत्मविश्वास बढाउने होइन । देश बढ्दो वित्तीय दबाब, राजनीतिक विखण्डन, र पुस्तागत असन्तुष्टि सामना गरिरहेको अवस्थामा अर्को चुनाव चक्रलाई प्राथमिकता दिनु स्वभाविक रूपमा प्रश्न उठाउँछ । चुनावअघि स्थिरता कायम गर्नु लोकतन्त्रविरोधी विचार होइन । यसलाई सार्थक लोकतान्त्रिक अभ्यासका लागि आवश्यक कदम मानिन्छ ।

बाह्य प्रभावबारे बहसले राष्ट्रिय छलफललाई अझ जटिल बनाएको छ । विकास सहयोग, संस्थागत साझेदारी, र नीतिगत सहकार्यमार्फत बाह्य संलग्नता स्वभावत: समस्याजनक होइन । नेपालको आर्थिक र कूटनीतिक वास्तविकताले अन्तर्राष्ट्रिय सहकार्य आवश्यक बनाउँछ । तर आधुनिक अन्तर्राष्ट्रिय प्रणालीमा सार्वभौमिकताले संस्थागत सुसंगतता माग्छ । स्वायत्त निर्णय-प्रक्रिया प्रशासनिक क्षमता र राजनीतिक स्थिरतामा निर्भर हुन्छ । निरन्तर विखण्डन अनुभव गर्ने देशहरूले औपचारिक स्वतन्त्रता भए पनि रणनीतिक लचिलोपन सीमित पाउँछन् ।

भारत र चीनबीचको नेपालको भू-राजनीतिक अवस्थाले यस वास्तविकताको महत्त्वलाई अझ प्रष्ट पार्छ । ठूला शक्तिहरूबीच रहेका देशहरूले कूटनीतिक सन्तुलन कायम राख्न आन्तरिक स्थिरतामा भारी निर्भर रहनुपर्छ । आन्तरिक विभाजनले वार्ताको शक्ति कमजोर बनाउँछ । नीतिगत असंगतिले वार्ताको प्रभावकारिता घटाउँछ । संस्थागत अस्थिरताले बाह्य दबाबप्रति संवेदनशीलता बढाउँछ । यस्ता परिस्थितिमा स्थिरता रणनीतिक आवश्यकता हुन्छ, केवल घरेलु प्राथमिकता होइन । स्थिरता लोकतन्त्रविरोधी होइन; यो सार्थक सार्वभौमिकताको लागि आवश्यक हो ।

कर्तव्यले अधिकारलाई सन्तुलित गर्नुपर्छ भन्ने सिद्धान्त लोकतान्त्रिक सिद्धान्तको मूल हो । नागरिकता व्यक्तिगत अधिकार र सामूहिक जिम्मेवारीबीचको पारस्परिकतामा आधारित हुन्छ । जब अधिकारबारे छलफल जिम्मेवारीबिना विस्तार हुन्छ, शासन लेनदेनमूलक बन्ने जोखिम हुन्छ, र प्रत्येक समूहले आफ्नो अधिकार माग्छ तर थोरैले सुधारको जिम्मेवारी स्वीकार गर्छ । युवा नागरिकहरूको सक्रियताले यो असन्तुलनलाई उजागर गर्छ । उनीहरूको जवाफदेहिताको मागले देखाउँछ कि संस्थागत जिम्मेवारी घटेको छ । उनीहरूको सक्रियताले लोकतन्त्र प्रक्रियागत मात्र नभई सार्थक रूपमा काम गर्नुपर्छ भन्ने देखाउँछ ।

आजको बहसको मुख्य गल्ती भनेको संस्थागत आलोचनालाई केवल राजतन्त्र वा गणतन्त्रबीचको सरल विकल्पका रूपमा लिनु हो । यसले जटिलतालाई बेवास्ता गर्छ र प्रणालीगत विश्लेषणलाई केवल प्रतीकात्मक लेबलमा घटाउँछ । मुख्य मुद्दा संस्थागत प्रतीकात्मकता होइन, संस्था वास्तवमै कसरी काम गर्छन् भन्ने हो । यदि चिन्तनलाई पछाडि फर्किने रूपमा देखिन्छ भने लोकतान्त्रिक छलफल डरले सीमित हुन्छ, तर्कले होइन । मूल्याङ्कन गर्न नसक्ने राजनीतिक प्रणाली सुधार हुँदैन ।

हालको सन्देशले पुनर्स्थापनाको आह्वान थिएन । यसले चिन्तनको आह्वान गऱ्यो । देखिने अस्थिरता, आर्थिक दबाब, र संस्थागत अनिश्चितताले चिन्हित समयमा, चिन्तन उपयुक्त मात्र होइन; यो अत्यावश्यक हो । लोकतान्त्रिक वैधता प्रदर्शनमा निर्भर हुन्छ, केवल प्रतीकात्मकताबाट कायम हुँदैन । यदि नेपालको लोकतान्त्रिक प्रणालीले स्थिरता, समृद्धि, जवाफदेहिता, र रणनीतिक स्वतन्त्रता प्रदान गर्छ भने, आलोचनाको बाबजुद पनि सर्वस्वीकार्य हुनुपर्छ ।

# नयाँ अनुहार, जनता झुक्याउन होनहार नहोस्



**अनुसा थापा**

नयाँ भनेको पार्टीमा सबै पुराना अनुहार, जनता झुक्याउनमा हरेक पार्टीका नेता-कार्यकर्ता होनहार !

रास्वपालाई नयाँ भनिएको छ, नयाँ अन्य पार्टीमा पनि थुप्रै अनुहार छन् । ती सबै नयाँ भनिएका नेता कार्यकर्ताहरू जनता झुक्याउन होनहार देखिएका छन् । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एमाले, विवेकशील साझा पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी छोडेर रास्वपामा आएकाले १६५ मध्ये १३३ क्षेत्रमा टिकट पाएका छन् । टिकट दिनका लागि रास्वपाले तीन करोडसम्म लिएको भन्ने विषयमा बजारमा व्यापक चर्चा छ । यो चर्चालाई जनताले कति पत्याउने छन्, सत्य के हो, त्यो फागुन २१ को चुनावपछि शनै शनै सार्वजनिक होला ।

बिबाद अरू पार्टीमा पनि छन् । तर यतिबेला पुराना र नयाँको महाभारतका रूपमा हेरिएको फागुन २१ को चुनावमा नयाँ भनिएको रास्वपा र पुराना भनिएका नेकपा, एमाले र नेपाली कांग्रेस हुन् । हरेक पार्टी आफूले जित्ने र एकलौटी सरकार बनाएर ५ वर्षमा देशको कायापलट गरेर देखाइदिने आश्वासन बाँडिरहेका छन् ।

काभ्रेपलाञ्चोक निर्वाचन क्षेत्र नम्बर २ मा रास्वपाबाट बदन भण्डारी उठेका छन् । उनी रास्वपामा आएको लामो समय भएको छैन । तर, उनलाई उम्मेदवार बनाइएको छ । २०७० सालको निर्वाचनमा उनी नेकपा एमालेका उम्मेदवार विदुर सापकोटालाई भोट मागेर हिँडेका थिए । २०७४ को निर्वाचनमा एमालेका गोकुल बाँस्कोटाले सो क्षेत्रबाट टिकट पाए । जिते । यतिबेला गोकुल बास्कोटालाई एमालेले पत्याएन, टिकट दिएन । यसरी टिकट नपाउने एमालेका धेरै बरिष्ठ नेताहरूको राजनीति किनारा लागेको छ ।

बदन त एउटा उदाहरण मात्र हुन् । अन्य धेरै उम्मेदवार यस्ता छन् । हिजो अन्य पार्टीमा बसेर फाइदा उठाउनु उठाए । कमाउनु कमाए । त्यहाँबाट फाइदा उठाएपछि अहिले रास्वपामा आएका छन् । तिनले गरेको भ्रष्टाचार दविएको छ । तिनले जितेर देश र जनताका लागि के योगदान देलान्, शंकाकै स्थिति छ ।

अहिले पुरानाले केही गरेनन्, नयाँलाई भोट दिनु भन्दै हिँडेका धेरै छन् । रास्वपा २०७९ असार ७ गते निर्वाचन आयोगमा दर्ता भयो । २०७९ मंसिर ४ गतेको निर्वाचनमा रास्वपाले २१ सिट ल्यायो । रास्वपाले सरकारमा गएर महत्वपूर्ण र विकासे मन्त्रालय लियो । छोटो अवधिमा रास्वपा दुईपटक सरकारमा गयो । तर, देश र जनताका निम्ति सिन्को भाँचेन । आफ्नो कर्तुतहरू लुकाउनका लागि रास्वपा सभापति तथा तत्कालीन गृहमन्त्री रवि लामिछानेले सदनमा उभिएर सँधै बार्गेनिङ गरेको आरोप छ । यो चुनावपछि कसकसको भ्रष्टाचारको फाइल खुल्छ, त्यो त निर्वाचनपछिको सरकार जसको बने पनि मुद्दाका रूपमा उठ्ने विषय हुन्, जनताले प्रतिनिधि रोजेपछि खोज्ने विषय हुन् ।

धेरै उमेदवारको योग्यता मध्यम देखिन्छ । उम्मेदवारले बैंक खाता पनि खोल्नुपर्छ । निर्वाचन आयोगको निर्देशनलाई धेरै पार्टीले लत्याएका छन् ।

यतिबेला चर्चा रास्वपा, सभापति रवि लामिछाने र रास्वपाले भावी प्रधानमन्त्रीका रूपमा घोषणा गरेको बालेन साहको छ । रवि लामिछानेका नागरिकता, पासपोर्ट, सहकारी ठगी लगायतका अनेक मुद्दा छन् । ती मुद्दामा उनी धरौटीमा रिहा भएका हुन् । उनको मुद्दाको किनारा के कसरी लाग्ला, सरकारमा गएको सय दिनमा सहकारी पीडितका बचत फिर्ता गर्ने भनिएको छ, होला नहोला, त्यो पनि संशयकै विषय छ । खासगरी रविसँग जोडिएका जीवी राई दुईपल्ट रवि लामिछाने गृहमन्त्री हुँदा समातिएनन्, अब समातिन्छन् भन्ने प्रत्याभूति पनि केही छैन । रवि लामिछानेले चितवन २ बाट दुईपल्ट निर्वाचित भए, भनिन्छ, यसपाली पनि उनको पक्षमा जनमत देखिएको छ । जनमत दिन्छन् भने त्यो मान्य हुनैपर्छ ।

तर प्रश्न छ, यसपटकको निर्वाचनमा पनि उम्मेदवारी दिएका उनी चुनाव जितेपनि सदनमा जान पाउँदैनन् भनिन्छ । रवि लामिछानेमाथि सम्पत्ति शुद्धिकरण, संगठित अपराध, सहकारी ठगी, दोहोरो नागरिकता र राहदानीको मुद्दा चलिरहेको छ, यी मुद्दाहरू किन लम्ब्याइएका हुन् । छिटो फैसला गरिदिए प्रष्टता आउने थियो । भ्रम रहने थिएन, न्यायको अनुभूति सबैलाई हुन्थ्यो । अदालतको प्रकृया किन छिटो छरितो हुनसक्दैन, यो गम्भीर प्रश्न हो ।

निश्चय नै ०४६ सालको परिवर्तनपछि राजनीतिक दलहरूले केही गरेनन् । देशमा भ्रष्टाचार बढेकै हो, कुशासन लादिएकै हो । ठूला ठूला भ्रष्टाचारमा ठूला ठूला नेता दागी भए तर कुनै कारवाही हुनसकेन । पुराना पार्टीरूले देशलाई कङ्गाल बनाएकै हुन् । जनताले पटक पटक असन्तोष प्रकट गर्दा पनि सुनवाई भएन । जसका कारणले भदौमा जेनजी आन्दोलन हुनपुग्यो । जेनजीमाथि पनि गोली बर्साएर ससाना बालबालिका मारिएपछि जनतामो आक्रोश छ । त्यो आक्रोसको कारणले पनि नयाँलाई जिताउँ, पुरानालाई हराउँ, परिवर्तनमा मत हालौं भन्ने प्रचार भइरहेको छ । जनता अन्तिम निर्णायक हुन्, जनताले के चाहन्छन्, त्यो निर्णय विवेकपूर्ण तरिकाले फागुन २१ को चुनावबाट आउनुपर्नेछ । जनता चेतनशील छन्, सचेत जनताले सही निर्णय गर्नेछन् ।

देश र जनताप्रति जवाफदेही नहुनाले पुराना नेताहरू बदनाम भएका हुन् । ती नेताहरूले एकपल्ट जे जति गल्ती भयो, क्षमा पाउँ भनेरजनताका सामु झुकेर माफी माग्नुपर्ने थियो । त्यो कर्म पुराना नेताहरूले गर्न सकेनन् । नयाँका लागि यही चुनाव जित्ने अवसर बनेको छ । हुन त समयले परिवर्तन ल्याउँछ । परिवर्तन जनताको मतबाट हुनेहो । त्यो अवसर जनताले फागुन २१ मा पाएका छन् । यो पल्ट जनता सही प्रतिनिधि चुन्न चुक्नेछैनन्, पहिले पहिलेजस्तै चुनावपछि खप्परमा हात राखेर पछुताउनु पर्नेछैन ।

**सत्यतथ्य र ताजा समाचारका लागि**
www.sandhyakalin.com
www.nepaltoday.com.np पढौं र
**लेख, रचना, समाचार र बिज्ञापन पठाएर**



## Breaking the Silence :

# Child Sexual Abuse Inside Indian Homes




*"Child sexual abuse within homes must be recognised as a central internal security and public health concern rather than a private family matter. Legal provisions such as the POCSO Act provide a strong framework, but enforcement gaps and social stigma continue to undermine protection. A coordinated response is required: universal child safety education, consistent training for frontline workers, faster court processes, and expanded counselling services across regions.*

Chanchal Chaudhary

In India, the greatest threat to many children does not come from strangers or unsafe public spaces but from within their own homes. Public discussions on child safety frequently focus on schools, streets, transport systems, and digital platforms. While these concerns are real, they often overshadow a more pervasive and less acknowledged reality: a significant proportion of child sexual abuse is perpetrated by individuals known to the child. Abuse by relatives, neighbours, family friends, or other trusted adults remains one of the most underreported forms of violence against minors. This invisibility is sustained by stigma, fear of social fallout, and cultural taboos surrounding conversations about sexuality within families. Addressing the issue requires confronting not only the scale of abuse but also the structures of silence that allow it to persist.

Official statistics highlight the seriousness of the problem. According to data from the National Crime Records Bureau (NCRB), India records tens of thousands of cases annually under the Protection of Children from Sexual Offences (POCSO) Act. In a large majority of these cases, the accused is someone known to the child. NCRB trends across recent years indicate that in most reported cases of sexual violence against minors, perpetrators are relatives, acquaintances, or neighbours rather than strangers. These patterns challenge common assumptions about risk and reveal that danger is often embedded within familiar social environments.

However, reported cases represent only a fraction of actual incidents. Studies conducted by the Ministry of Women and Child Development and various child rights organisations have long suggested that many children experience some form of sexual abuse but never report it. Fear of retaliation, pressure from family members, and concerns about social reputation discourage disclosure. In conservative social settings, families may prioritise avoiding public scrutiny over seeking justice. Children may be silenced to "protect" family honour, while perpetrators benefit from proximity and trust. As a result, abuse often continues unchecked, and victims are left without support.

**Need for Child Safety Education**

The domestic context of abuse creates complex power dynamics. Children depend on adults for care, protection, and emotional stability. When the perpetrator is a family member or trusted caretaker, the child may struggle to understand what is happening or may fear the consequences of speaking out. Younger children often lack the language to describe abuse. Older children may worry about being blamed, disbelieved, or punished. In some cases, even when complaints are filed, families withdraw them under social or economic pressure. Such dynamics contribute to low reporting rates and prolonged trauma for survivors.

India's legal framework has evolved in response to growing awareness. The POCSO Act, enacted in 2012, criminalises a wide range of sexual offences against minors and mandates child-friendly procedures during investigation and trial. Amendments have introduced stricter penalties for aggravated offences, and special POCSO courts have been established to expedite cases. Despite these measures, implementation challenges remain. Thousands of cases are pending in courts each year, and delays in investigation or trial can discourage families from pursuing justice. Survivors often face repeated questioning and long legal processes that can intensify trauma rather than alleviate it.

A major structural gap lies in the lack of consistent child safety education. Many children are not taught about bodily autonomy, consent, or how to recognise inappropriate behaviour. Comprehensive sexuality education remains uneven across states and is often treated as politically sensitive. Without basic awareness, children may not recognise abuse or may internalise blame. Evidence from child protection organisations indicates that children who receive age-appropriate safety education are more likely to report abuse early. Early reporting increases the likelihood of intervention and reduces long-term psychological harm.

**Support Systems for Survivors**

Institutions outside the family have a critical role in prevention and response. Schools, anganwadi centres, and healthcare providers are often in a position to notice behavioural or physical signs of abuse. Sudden withdrawal, anxiety, aggression, or unexplained injuries may indicate deeper issues. Under the POCSO Act, certain professionals are legally obligated to report suspected abuse. Yet awareness of these responsibilities remains uneven, and training is inconsistent. Strengthening training for teachers, healthcare workers, and social workers can improve early detection and response. Child helplines such as 1098 receive thousands of calls annually, but their reach and responsiveness must be expanded to ensure timely support.

Support systems for survivors require significant strengthening. One-stop crisis centres and child welfare committees provide counselling, medical assistance, and legal guidance, but capacity varies widely across regions. Rural areas often lack trained counsellors and specialised services. Even in urban settings, stigma can deter families from seeking psychological support. Research on child trauma shows that early counselling and sustained mental health care are essential for recovery. Without adequate support, survivors may face long-term consequences such as depression, anxiety, and difficulties in forming trusting relationships. The social and economic costs of untreated trauma extend beyond individuals, affecting education, productivity, and social cohesion.

**Internal Security and Public Health Concern**

Public awareness campaigns can help shift attitudes. Messaging that frames reporting as a protective act rather than a source of shame can encourage families to prioritise children's safety. Responsible media coverage can normalise conversations about abuse while protecting survivors' dignity. Community-based initiatives involving local leaders, women's groups, and youth organisations can create safer reporting environments. Digital platforms also offer opportunities for confidential reporting and dissemination of information about support services

Child sexual abuse within homes must be recognised as a central internal security and public health concern rather than a private family matter. Legal provisions such as the POCSO Act provide a strong framework, but enforcement gaps and social stigma continue to undermine protection. A coordinated response is required: universal child safety education, consistent training for frontline workers, faster court processes, and expanded counselling services across regions. Public messaging must emphasise that reporting abuse protects families rather than disgracing them. Homes should be spaces of trust, not silence. Protecting children is a collective responsibility and a measure of societal credibility. Real progress will depend on sustained political will and the courage to confront abuse where it most often occurs-within familiar relationships

www.southasiamonitor.org/child-sexual-abuse-inside-indian-homes

# Kashmir:

## Law, Legitimacy and the Question of Human Rights

**Dr. Ghulam Nabi Fai**

**Chairman : World Forum for Peace & Justice**

At the 61st session of the United Nations Human Rights Council, India's External Affairs Minister, Dr. Subrahmanyam Jaishankar, reaffirmed India's commitment to democracy, pluralism, and the protection of human rights. Shortly thereafter, India's delegate, Ms. Annupama Singh, reiterated that Jammu and Kashmir "was, is and will remain an integral and inalienable part of India," asserting that its accession in 1947 was legal and irrevocable.

These claims merit careful scrutiny.

The central question remains: by what justifiable legal and democratic process did Kashmir become a permanent part of India¿

First, reference is made to the Instrument of Accession signed by Maharaja Hari Singh in October 1947. Yet historical records show that the accession was accepted by Governor-General Lord Mountbatten subject to the will of the people being ascertained. India itself brought the matter before the United Nations in January 1948. On January 15, 1948, India's representative to the Security Council, Sir Gopalaswami Ayyangar, explicitly acknowledged that the final disposition of Kashmir would depend upon "the unfettered decision by the people of Kashmir" after restoration of normalcy.

The principle of a plebiscite was not imposed upon India; it was endorsed by India.

Second, India later argued that the Jammu and Kashmir Constituent Assembly's actions settled the matter. Yet India assured the Security Council that decisions of that Assembly would not prejudice the promised plebiscite. Security Council resolutions remain in force unless superseded by subsequent resolutions. No unilateral domestic measure can extinguish obligations undertaken before the international community.

Third, the passage of time does not legalize unresolved disputes under international law. The persistence of political alienation and periodic unrest in the region underscores that the question has not been settled in the hearts and minds of the people concerned.

International voices have repeatedly affirmed that Kashmir is not merely an internal matter. UN Secretary-General António Guterres has stated that the issue must be resolved in accordance with the UN Charter and relevant Security Council resolutions.

Former UN High Commissioner for Human Rights Michelle Bachelet emphasized the need to give the people of Kashmir the right to self-determination and to include Kashmiris in dialogue and respect their rights. Independent UN Special Rapporteurs have raised concerns about demographic changes, loss of autonomy, and restrictions on civil liberties.

The debate is therefore not rhetorical; it is grounded in international commitments.

Turning to the human rights dimension, multiple credible sources have documented concerns. The U.S. Department of State has reported 8000 to 10,000 of disappearances in past decades. Amnesty International and Human Rights Watch have criticized the use of preventive detention laws such as the Public Safety Act (PSA) and the Armed Forces Special Powers Act (AFSPA), which grant sweeping powers and effective immunity. UN reports have highlighted allegations of excessive force, arbitrary detention, restrictions on media, and unresolved cases such as Kunan-Poshpora.

A recent report by India's own Concerned Citizens Group described an atmosphere of "sullen silence," deepened alienation, and fear of dissent in the region.

These are not partisan observations. They come from international institutions, respected NGOs, and independent experts.

If India's leadership affirms pluralism and equality, the logical course would be to permit unrestricted access to UN Special Rapporteurs, allow independent media scrutiny, and restore full civil liberties consistent with international standards. Transparency strengthens democracies; it does not weaken them.

Kashmir remains a nuclear flashpoint between two states. Durable peace requires more than assertions of sovereignty. It requires consent, inclusion, and the rule of law.

The Human Rights Council exists precisely to ensure that political narratives do not eclipse human dignity. The people of Kashmir—like all peoples—are entitled to the protections of international human rights law and to the fulfillment of commitments made before the United Nations.

The path forward lies not in repetition of positions, but in renewed engagement with international legal principles and meaningful dialogue that includes the people most affected - Kashmir.

*Dr. Fai is also the Secretary General World Kashmir Awareness forum.*
*He can be reached at: gnfai2003@yahoo.com*

**James Michael Butler**

·Former Producer/Director/DP (2001–2005) 8mo

### Are the Gurkhas overrated¿

I've seen ex-Gurkhas in action in a social situation.

When they leave the British Army, they are in great demand as professional security folks for all the right reasons.

I was on a cruise ship, and many of the security folks were ex-Gurkhas. Immaculately dressed, friendly, always happy to help any passenger, highly professional.

But one evening in a bar two large British blokes who had both had too much to drink started to have a go at each other and a fight started. Two of the ship's security folks - both about 4 inches shorter than either of the fighting blokes, and both ex-Gurkhas - stopped the fight very quickly with minimum required force and maximum attitude. Both of the British blokes had completely lost any will to fight, the security folks (the ex-Gurkhas) hadn't injured them in any way, and all were led away.



**Very professional.**

# निरन्तर : नेपालको दुर्भाग्य, नेपाली प्रवृत्ति



नेपालको इतिहासको कालखण्डमा भलो गर्नेको कुभलो हुने र चाटुटुकारले मोजमस्ती गर्ने धेरै उदाहरण पाइन्छन्। केही नमुना घटना लिएर हेरौं। सत्रौं शताब्दिको अन्त्यतिर मल्ल कालीन शासन व्यवस्थामा राजा प्रताप मल्लले आफ्ना पिता लक्ष्मी नरसिंह मल्ललाई थुनेर मनलागदी शासन गरे। द्वापर युगमा कंसले आफ्ना पितालाई कैद गरेर राज्य सत्ता हत्याएका थिए।

प्रताप मल्लले पुरूषार्थ देखाउने ध्येयले भोटमा आक्रमण गरे। खासा, कुती, केरूङमाथि विजय प्राप्त गरे। भाइ पर्ने काजी भीम मल्ललाई भोटसँग सन्धी गर्न पठाए। उनले आफ्नो अनुकूल हुने गरी ८ धाराको सन्धी गरेर सजधजसाथ फर्केर आए। त्यस अनुसार नेपालले जितेको भागबाट हुने राजस्व नेपाल र भोटको आधा आधा हुने भयो। नेपाली महाजनले बत्तिस कोठीमा विनामहसुल व्यापार गर्न पाउने भए। भोटमा नेपाली टकमात्र चल्ने भयो। चाँदी, ऊन, नुन र सुनको मोल नेपालले तोक्न पाउने भयो। भारीका भारी सामानको ताँती बोकेर भीम मल्ल आएको देखेर ठाहिँला दरबारीया छुल्याहाले राजाको कान फुके। चुक्ली लगाए - अब भीम मल्ल आफै राजा हुने सुरले फर्केका छन् भनिदिए। भीम मल्लसँग दोहोरो कुरै नगरी सफाइ पेश गर्ने अवसर नै नदिई उनले देशको भलाई हुने कामको मूल्याङ्कनै नगरी दरबारभित्र पस्नै नदिई छप्काइ दिए, मारिदिए। उनकी पत्नीले देशको भलो गर्नेका भलो नहोस् भन्ने स्राप दिएर सती गइन्।

सम्पूर्ण देश एकिकरण गरि नसक्तै अल्पायुमै पृथ्वीनारायणको देहवसान भयो। राज परिवारका सबै सदस्य मोजमस्तीमा व्यस्त थिए। पृथ्वीनारायणको आशय बुझेका एकजना भाइ बहादुर शाहमात्र थिए। उनी नै नाबालक राजाका नायव बनेका थिए। उनले पृथ्वीनारायण शाहको अभियानलाई निरन्तरता दिए। नेपालको सीमा पूर्व टिष्टादेखि पश्चिम सतलजसम्म, दक्षिणमा गङ्गाको मैदानसम्म पुऱ्याइदिए। नेपालको छवि विश्वभर फैलियो। उत्तराखण्डका चार धाम नेपालभित्र परे। असली हिन्दुस्थान बनाउने पृथ्वीनारायणको चाहना चरितार्थ भयो। आर्थिक, धार्मिक, सामाजिक, राजनीतिक स्थिति सुदृढ़ा हुँदै गयो।

यसै बीच राजा साबालक बने। उनले सुन्दरीतिरमात्र ध्यान दिए। वैदिक राजधर्म र दरबारको परम्परा पनि छोडे। उनका कृत्यको सर्वत्र विरोध हुनथाल्यो। विरोध गर्ने जतिलाई डाम्ने, हात्ति लगाएर खेदने, कुल्चाउने, मार्ने आदि सजायँ दिन थाले। बहादुर शाहलाई जेलमै हालिदिए। उनी एक मध्यरातमा जेलमै मारिए। देशभित्र कालगतिले मरेको भनियो भने देश बाहिर अपराधी, राष्ट्रद्रोही भनेर चिनाउन खोजियो।

बहादुर शाहको हत्या भएको एक दशक नपुग्दै पृथ्वीनारायणलाई बोक्ने राष्ट्रभक्त वीर सपुत दामोदर पाण्डेको हत्या गरियो। नविराउनु नडराउनु भन्ने सिद्धान्तका कट्टर हिमायती उनी भागेनन्। उनी युद्ध नियमका पालक र वैदिक राजधर्मका पक्षधर थिए। सनकमै उनलाई मारियो। नेपाली भाषामा पढाइ हुनु पर्दछ, देशभर पाठशाला खोल्नु पर्छ, जापानको जस्तो शासन व्यवस्था हुनु पर्दछ भन्ने जयपृथ्वीबहादुर सिंह देश निकाला गरिए।

जनतालाई पढ्ने अवसर दिनु पर्दछ, शिक्षालय, पुस्तकालय, पत्रपत्रिका प्रकाशन गर्न दिनु पर्दछ, कमरा कमारी प्रथा उन्मुलन गर्नु पर्दछ, जनतालाई मानव अधिकार दिनुपर्दछ भन्ने सत्तासिन प्रम देवशमशेरलाई पनि चऱ्यापचुरूप समातेर चारभञ्ज्याङ निकाला गरियो। यसखाले यी थोरै नमुना उदाहरण हुन्। चार पाँचशय वर्षपछि पनि नेपालीले नेपालको इतिहास पढेनन्। इतिहासबाट पाठ सिकेनन्। त्यही चाल आजको राजनीतिमा पनि विद्यमान छ। निहित स्वार्थ त्यागेर जनस्वार्थ, राष्ट्रस्वार्थतिर एकजुट हुन छाडेर अनुत्पादक बस्तुतिर सारा दल केन्द्रित छन्। मान्छे असल भए संविधान, नियम कानुन स्वत असल हुन्छन्। राष्ट्रिय मूलनीति बनाएर छोटो समयमा फड्को मारेर देशबाट बरोजगारी, गरीबी, अशिक्षा र रोगको उन्मुलन गर्न पर्ने ठाउँमा दलका नेता सिनोमा गिद्धझैं देशलाई लुछाचुडि गरिरहेकाले यो पुस्तक लेख्न सोच जन्मेको हो।

राष्ट्रमोह होइन सत्ता मोह ठूलो

नेपालको राजनीति, सत्ता मोहको कपटनीतिले ग्रसित छ। आजका दलको सोच, हिजोका राजारानीको सोच, भाईभारदारको सोच, जङ्गबहादुरको सोच, सूर्य बहादुरको सोच। प्रचण्ड बहादुरको सोच, कोइराला बहादुरको सोच। कीतिबहादुरको सोच। भट्टराईहरू सोच, नेपाल, खनाल बहादुरहरूको सोच एकैखाले छ। युग पल्टियो। सती प्रथा हट्यो। कमाराप्रथा हट्यो। छुवाछुट हट्यो। ...........तर सत्ता मोह प्रवृत्ति कायमै छ। यही एउटा कारणले देशले प्रगति गर्न सकेन। देश पछिको पछि छ। गरीब, विपन्न, अर्धचेतन र रोजगार विहिन छ।

सत्तामोह यति चर्को हुदो रहेछ की सत्ता खेलाडीले परिवार र देशकै बर्वाद गरेर पनि तात्कालीन निहित स्वार्थ साधन गनर्दा रहेछन्। राणाहरू, नेपाली काँग्रेसको सशस्त्रयुद्ध, वामको सशस्त्रयुद्ध, माओवादीको सशस्त्रयुद्ध सबैले देश बर्वाद गरेकाछन्।

इतिहासको लामो कालखण्डमा नेर्तत्व खुबी भएका राम्रो काम गर्ने तीन जना राजा र दुइजना प्रम भेटिन्छन्। तिनलाई काम गर्न दिइएन, या असहयोग गरियो असक्षम र अयोग्यबाट। तीनै जना राजा मारिए विष सेवन गराएर र गोली हानेर। प्रजातन्त्रमा युद्ध हुदैन। त्यसकारण जाहनीया शासन ढालेर २००७ सालमा प्रजातन्त्र ल्याइएको हो। प्रजातन्त्र मासेर लोक तन्त्र ल्याए। काँग्रेशले युद्ध नगरेको भए अरूले गर्ने थिएनन्। सबैले नगरेको भए देशको प्रगति आज भएको स्थितिभन्दा दशौगुना बढी हुने थियो। प्रतिव्यक्ति आए लाखौंमाथि पुगेको हुने थियो।

राजालाई पूर्णरूपले शक्तिहीन बनाएर सत्ता हातमा लिने र राजाको पनि भूमिका हुन पर्दछ भन्ने दुइ धार दरबारमा सदा रहिरहेको पाइन्छ। पहिलो धारमा तिब्र महत्वाकङ्क्षा राख्ने भीमसेन थापा, माथवर सिंह थापा, जङ्गबहादुर कुँवर, गिरिजा प्रसाद कोइराला, पुष्पकमल र बबुरामहरू पर्दछन् भने दोश्रो धारमा पाण्डेहरू, बस्नेतहरू गोरखाली भारदार, तुल्सी गिरी, सूर्यबहादुर किर्तीनिधि, मरिचमान, केशरजङ्ग, कमल थापाहरू पर्दछन्।

राजा प्रतापसिंहको पालामा पृथ्वीनारायण शाहले हिन्दुत्व र राष्ट्रियता खतम पार्ने कुतत्व ठहऱ्याई मुग्लान धपाइएका केथुलिन पादरीहरूलाई फिर्ता बोलाइन्छ। फादर जोसेफ रोमाडोलाई काठमाडौं बस्न अनुमति दिइन्छ। त्यसपछि राष्ट्रिय पहिचान र अस्मितामा धमिरो लाग्न थालेको हो।

कुनैपनि काण्ड हुनु, विद्रोह हुनु, काटमार हुनु राजनीतिक परिवर्तनकालागि हुन्छ। परिवर्तन कुनै निश्चित उद्देश्यकालागि हुन्छ। उद्देश्य जनहितकालागि हुन्छ। सिंगापुर, मलेसिया, कोरिया, थाइलैण्ड आदि देश नेपालभन्दा पछाडि थिए, तिनले नेपाललाई उछिनि सके। भारत र चीन दुवै देश नेपालभन्दा पछाडि थिए, तिनले पनि नेपाललाई धेरै पछाडि पारिसकेका छन्। भारत अग्रेजको उपनिवेशबाट उन्मुक्त हुँदा एकतिहाई जनता मगन्ते थिए, चीन पनि लगभग त्यस्तै थियो। आज चीन विश्वको शक्तिराष्ट्र बनिसकेको छ, भारत त्यसको पछि छ। नेपालमा भएका सबै काण्ड, हत्याहिंसा केबल सत्ता प्राप्तिका लागि भएकाछन्। २०१७ सालको परिवर्तनले बाहेक "अरू कुनै परिवर्तनबाट मुलुक र मुलुकबासीले केहि पनि पाएका छैनन्। दुइ दशकलामो फुर्सदिलो समयमा विदेशमा बसेर फर्किदा पनि शुन्य हात फर्कियमे। पूर्वी नेपालबाट मानिसका टाउको गिड्दै हिडेको एममालेले पनि सत्तामा गएर मुलुक कसरी कस्तो बनाउने योजना विहिन गाँजडीको मुलुकमा हतियार उठाएको रहेछ। दशबर्ष सम्म देशभत्काउने र मान्छेमार्ने काममा लागेको माओवादी, जसलाई जनताले स्पष्ट योजना लिएर आएको आशा गरेका थिए, त्यो शुनय योजना र आततायी प्रवृत्तिको आयो। राप्रपा भनिने पञ्चायत दर्शनको उत्तराधिकारी भनिएको दलले पनि भएको दर्शन नीति र कार्यक्रम छाड्यो र विना योजना सडकमा दौडनेको लहरमा खडा भयो। पौरस्थ्य संस्कार सभ्यता धर्म मान्यता छाडेयो। जीवनभर राष्ट्रियता, आत्मनिर्भर र उँचो जीवनमा सिस्चित आधारमा लागेका सबै कुरा छाडेर दिल्लीमा अतमसमर्पण गरेर हुकुम तामेल गर्नेमा परिणत भयो। यसले गर्द दल चारपाँच चिरामा विभाजित भयो। यी सबै दलले सत्ता आफु र आफनाकालागि मात्र सीमित पारे। देशको आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक गौरवहरू तहसनहस पारे। परिवर्तन किन र कसरी भन्ने गहन उद्देश्य नभैकन परिवर्तन हुनु विनाशकारी हुदो रहेछ। अबका पीडीले नेपालीबाट, नेपालीलाई हितहुने नेपालीले काम गरेर नेपालको स्रोत साधनको सही उपभोग गरून र मुलुकलाई विश्वको उत्कृष्ट नमुना मुलुक बनाउन इतिहास बाट पाठ सिकुन् मुलुकको भलो हुने काममा लागुन् भनेर यो लेखिएको हो। व्यवस्थित बस्ती र गाउँविकास, जलराजनीति र हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन विकास जस्ता खोजमुलक ग्रन्थ त्यस्ता पीडीकालागि स्पष्ट अवधारणा बनोस् भनेर लेखिदिएको छ।

# साझा दायित्व : आचारसंहिताको पालना



सुरेशकुमार पाण्डे

आचार संहिताको प्रस्तावनामै भनिएको छ:- निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निश्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरणमा कायम राख्न आवश्यक भएकोले निर्वाचन आयोग ऐन २०७३ को दफा २२ले दिएको अधिकार प्रयोग गरी आयोगले यो आचारसंहिता बनाएको छ। यो आचार संहिता पालना गर्नुपर्दछ। कसैले पनि धर्म जातीलाई लिएर समाजलाई दुषित र सम्प्रदायिक आचरण द्वारा कसैको मनमा ठेंस पुराउने खालको विचार प्रयोग गर्नु हुदैन।

गणतन्त्रमा हामी सबैलाई आ आफ्नो विचार राख्ने अधिकार हुन्छ। राम्रो नराम्रो बारेमा छलफल गर्ने अधिकार हुन्छ। चुनावी प्रकृयालाई सफल पार्ने हामी सबैको कर्तव्य हो। नेपाल बहुभाषी, बहु जाती र बहु धार्मिक देश भएकोले हाम्रो देशको संविधानले पनि देशलाई धर्म निरपक्ष घोषित गरेको छ।धर्म निरपक्ष भनेको सबै धर्मको सम्मान् गर्नु नै हो। जनताले विवेकपूर्ण मतदान गर्नु र पार्टीले आचारसंहिता पालना गर्नु अनिवार्य छ।

कतिपय राजनैतिक पार्टीहरूले यो आचार संहितालाई खेलौना जस्तै ठानेकाछन्। कुनैपनि राजनीति पार्टीले हात हतियार बोकेर हिंड्ने छुट हुँदैन। हाम्रो चुनाव चिन्ह जेसुकै भएपनि त्यसलाई पोस्टरको रूपमा प्रचार गर्नुपर्छ। पार्टीहरूलाई आचार संहिताको बारेमा जानकारी छ की छैन ? यदि छ भने किन यसरी अटेरी गरेको ?

पार्टीहरूले समाजमा अशान्ति र अराजक प्रकारको व्यवहार गरेपछि त्यो उनिहरू आफैका लागि आत्मघाती बिषय बन्ने छ। अहिले नै उनिहरूमा यस्तो अहंकार देखिन्छ, यस्ता अजारकले जितेपछि कस्तो व्यवहार गर्छन् होला ?

नेता भन्दा पनि तिनका गुण्डादल किन यति सारै मातेका हुन्छन् ? आचारसंहिता सबैका लागि हो। रास्वपा, एमाले, काँग्रेस वा अन्य कुनै पार्टीले अराजक बन्नुहुँदैन। नियम सबैमा लागु हुनुपर्छ। जुनसुकै राजनैतिक पार्टीले पनि अरूलाई हिंसक बनाउने प्रयत्न गर्नुभन्दा त्यस्तो गतिबिधिलाई रोक्नु र विवेकशील बन्नुपर्दछ। पार्टीको यस्तै अराजक शैलीले गर्दा धेरैले पार्टी छाड्दै गएका पनि छन्। कुनैपनि राजनैतिक पार्टीभित्र अनुशासन हुनुपर्छ, नीति र दुरदर्शिता हुनुपर्छ।

नेपाली नागरिकहरू चुनावमा जानु भनेको भौतिक रूपमा लडाई गर्न होईन। हाम्रो सङ्घर्ष भनेको वैचारिक हुनुपर्छ। कसैको भण्डा पोल्ने हतियार लिएर घुम्ने, गालिगलौज गर्ने, अपमान गर्ने कसैलाई पनि छुट हुनुहुँदैन। गणतन्त्र भित्र एउटै परिवारका हामी चुनावी प्रतिस्पर्धामा छौं। जसले जितेपनि जसले हारेपनि यही देशका नागरिक एउटै सन्तान हौं। जितेका व्यक्ति भनेको जनप्रतिनिधि हो। जनप्रतिनिधि भनेको त्यो क्षेत्रको प्रतिनिधित्व गर्नसक्ने बौद्धिक हुनुपर्छ।

यो त वैचारिक सङ्घर्ष हो। आ आफ्ना राजनैतिक विचार बोकेर हामी जनताको माझमा पुगेका हुन्छौं। जनतालाई सचेत गरेर भोट लिने हो। कसैलाई डराएर धम्काएर लिएको भोट क्षणिक हुन्छ। त्यस्तो भोटले जनता र सिङ्गो देशलाई अगाडी बढ्न दिँदैन।

सार्वभौमसत्ताका मालिक त्यो देशका जनता हुन्छन्। आज उनिहरूले आफ्नो अमूल्य मतदान निडर भएर निसङ्कोच रूपमा खसाल्न पाउनुपर्छ। देशमा विभिन्न राजनैतिक पार्टीहरू आ आफ्ना विचार बोकेर मैदानमा छन्। को ठिक छ कस्को राजनैतिक नीति देश र जनताको हितमा छ, त्यसबारे निर्णय गर्ने अधिकार जनतालाई हुनुपर्छ। हामी सबै राजनैतिक पार्टीहरूले आआफ्नो राजनीतिक नीति जनताको माझमा लिएर प्रचार गरौं। यसैमा लोकतान्त्रिक सबै देशबासीको भलो अन्तरनिहित छ।

हामी सबैको कर्तव्य हो निस्कलङ्क छबी भएका राष्ट्रप्रति बफादार नेताहरूको चयन गर्नुपर्छ। दागी, भ्रष्टाचारी, अपराधी ढाँट छल गर्ने शोषक लगायतका विदेशका दलालहरूको विरूद्धमा मतदान गर्नुपर्छ।

विगतमा भएको विद्रोह भ्रष्टाचारको विरूद्धमा थियो। तर त्यो विद्रोहले त्यो बाटो छोप्न सकेन किन की छोप्नुभन्दा पहिलेनै विद्रोह ह्याक भयो।

जसले देशमा सुसासन र भ्रष्टाचारको बिरूद्धमा आवाज उठाएको थियो त्यसैलाई प्रयोग गरेर स्वयम भ्रष्टाचारीहरू त्यो आन्दोलनको उपलब्धि बन्नपुगे भने जनताको हार हुनेछ। जनताले जित्नका लागि घृणितहरू हार्नुपर्छ।

जेनजी आन्दोलनले संविधान ध्वस्त पारिदियो। एकप्रकारले निर्दलिय ब्यवस्थाको अभ्यास सुरू भयो। यो चुनावले लोकतन्त्र बहाल गर्नसक्छ।

आन्दोलनको परिणाम अहिले देशको अवस्था चिन्ताजनक छ। देशमा सुसाशनको खाँचो छ र त्यसको वैकल्पिक शक्तिको रूपमा देशभक्त जनतान्त्रिक शक्ति हुनुपर्नेमा भ्रष्टहरूले चुनाव जित्ने हुन् कि भन्ने त्रासदी पनि छ। भ्रममा नपरौं, सही प्रतिनिधि छानौं।

अहिलेसम्मका सरकारहरूले देश र जनताप्रति गरेको कृयाकलापले नै यस्तो अवस्थाको सिर्जना भएको हो। गलत राजनैतिक व्यवहारको दुषपरिणामबाट उत्पन्न भएको यो अवस्थाले कस्तो ब्यवस्था देशमा आइलाग्ने हो त्यसबारेमा भन्न कठिन छ। तरपनि यदि यही प्रकारले जनताहरूले आ आफ्नो विवेक प्रयोग गर्न सकेनन् भने देशले झन ठूलो क्षती व्यहोर्नुपर्ने छ। यही अहिलेको गम्भिर प्रश्न हो।

सबै पार्टीले आआफ्ना घोषणापत्र जारी गरेका छन्। अहिलेसम्मको अभ्यास हेर्दा घोषणापत्र चुनावका लागि मात्र हो, चुनवापछि घोषणापत्र कता हराउँछ हराउँछ। अहिले चर्चामा आएको रा.स्वतन्त्र पार्टीको करारपत्रमा भनिएको छ- १२ लाख नयाँ रोजगार सिर्जना, प्रतिव्यक्ति आय ३ हजार डलर पुराउने, कुल ग्रहस्थ उत्पादन १०० अर्ब डलर, जन्मेदिखि मृत्युसम्म एकीकृत सामाजिक सुरक्षाको ग्यारेन्टी, १५हजार मेगावाट विद्युत जडित क्षमता पुराउने, ३०हजार किलोमिटर राष्ट्रिय राजमार्ग, सरकारी कार्यालयमा कतैपनि लाइन बस्नु नपर्ने, विदेशमा बस्ने नेपालीहरूका लागि अनलाइन मताधिकार, २०४६सालदेखिकै सम्पत्ति छानबीन गर्न उच्च आयोग गठन आदि आदि। यस्तै आश्वासनका पोकाहरू अन्य पुराना पार्टीले पनि जारी गरेका छन्। जनतालाई फकाउन गरिएका प्रतिवद्धता अर्थात करारहरूमा कति विश्वास गर्ने, यसमा जनताले विवेकपूर्ण छ्यानब्यान गर्नुपर्छ।

जेनजी आन्दोलनको छानविन गर्न गठित कार्की आयोगले रिपोर्ट दिन सकेको छैन। चुनावको ३ दिन पछिसम्म अर्थात फागुन २४ सम्म म्याद थपिएको छ। किन ?

त्यसै पनि सत्तासीन र रास्वपामाथि बारबरा, समताजस्ता आरोप लागेका छन् भने रास्वपाले जसले बच्चा मारे, सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाए, तिनैले सिंहदरबार जलाएका हुन्। के हो, त्यो त रिपोर्टले स्पष्ट पार्ला, सत्य सार्वजनिक होला। नेकपाको घोषणापत्रमा - भोकमुक्त नेपाल बनाउने, गरिबी ५ प्रतिशतमा झार्ने, सार्वजनिक पदमा रहेकाको सम्पत्ति छानबिन गर्न १ वर्षभित्र अधिकार सम्पन्न स्वतन्त्र आयोग बनाउने, भनसुनमुक्त, मुहाररहित, र कागजरहित सेवा प्रवाह, वार्षिक पाँच लाखलाई रोजगारी दिने, दलीत र अल्पसंख्यक युवाहरूलाई १० वर्षका लागि ५ प्रतिशतमा १ करोडसम्म ऋण दिने, १वर्षभित्र सबै किसानलाई परिचयपत्र वितरण र वर्गियकरण गर्ने, २०वटा शहरलाई 'स्मार्ट सिटी' र १००वटा ग्रामीण बस्तीलाई स्मार्ट भिलेज बनाउने, २०८९ सम्म सबै नागरिकलाई स्वास्थ्य बीमा, केन्द्रमा २५ जना मन्त्रीलाई घटाएर विज्ञसहितको सानो आकारको मन्त्रिपरिषद बनाउने भनिएको छ। १७ वर्षमा नेकपाले किन केही गरेन, प्रश्न छ।

काँग्रेसले पनि स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा, युवालाई स्वदेशमै रोजगारी र नविन सोचमा प्रोत्साहनजस्ता अनेक सपना बाँडेको छ। विदेशका नेपालीको ज्ञान सिप र पुँजिलाई मात्रभूमिसँग जोड्ने, लगानी कर्तालाई प्रोत्साहन र साना ठूला व्यवसायलाई साथ, कृषिलाई मर्यादित छनौटको पेसा बनाउने, गर्भावस्थादेखि वृद्धावस्थासम्म स्वास्थ्य सुरक्षा, प्रि-प्राइमरी देखि विश्वविद्यालयसम्म प्रविधिमैत्री र व्यावसायिक शिक्षा, भ्रष्टाचारको अन्त्य, भ्रष्टाचार अन्त्य, सरकारी सेवामा डिजिटल प्रविधि आदि भनिएको छ।

उपरोक्त कथनहरू देशका जनताले सुन्दै आएका छन्। सवाल व्यवहारिकताको हो त्यो कहिले पुरा हुने ? सबैले देशलाई यस्तो बनाउँछु उस्तो बनाउँछु भन्छन् तर उनिहरूले आर्थिक आय बृद्धीका नयाँ खोजहरू दिन सक्दैनन्। अनि त्यो कसरी पुरागर्ने ? देशको कुन चाहीं अंग विक्री गरेर पुरागर्ने हुन ? उनिहरूको विगतको व्यवहार देखेर जनतामा विश्वास छैन।

राष्ट्रिय जनमोर्चाले "गणतन्त्र र राष्ट्रियताको रक्षा गर्दै सङ्घीयता भित्रको प्रादेशीक संरचना खारेज गरी स्थानीय स्वशासन र प्रजातान्त्रिक विकेन्द्रीयता लागु गर्ने छौं।' भन्दै आएको छ। उसको भनाइ काग कराउँदैछ, पिना सुक्दैछ जस्तो हुँदै आएको छ। सङ्घीयताले देशलाई युक्रेन बनाई दिन्छ, देश ऋणमा डुबाईदिन्छ ,भनेर उनिहरूका नेता कार्यकर्ता चेतना जगाउदै आएका छन्। तर यो पार्टीले पनि देशभक्ति बगानेंबाहेक केही गर्न सकेको देखिदैन।

पार्टीहरूले बाँडेका आश्वासन र सपना ललीपप नै हुन्। चुनावी घोषणा पत्रलाई समेत आचारसंहिताको दायरामा ल्याएर उनीहरूले गर्ने कामको आर्थिक श्रोत के हो भन्ने बारेपनि प्रश्न राख्न जोडदिनुपर्ने हुन्छ। राजनीति गर्नेहरू जनतामा हतियार बोकेर होइन सशक्त एजेण्डा बोकेर जानुपर्छ।

# पूर्वराजाको सन्देश बुझ्न जरूरी छ



सेनाहरू र सुरक्षाकर्मीहरूले राजा ज्ञानेन्द्र शाहको फागुन ७ गतेको सम्बोधनको आशय बुझ्न नितान्त अपरिहार्य रहेको छ। सेनाहरू मुलुकको मेरुदण्ड हो। मुलुकमा सुशासनको लागि सैनिक शासन अपरिहार्य छ। पूर्व राजा ज्ञानेन्द्र शाहको वाणीमा सत्यता छ। राजा ज्ञानेन्द्र शाहको फागुन ७ गतेको सम्बोधन पश्चात यथार्थमा नै फागुन २१ को चुनावपछि पनि मुलुकले राजनीतिक द्वन्द्वबाट निकास पाउँदैन जस्तो छ। निर्वाचन पछि मुलुकमा अराजकता, अस्थिरता, बेथिति, भद्रगोल र रक्तपात हुने संभावना देखिन्छ।

प्रधानसेनापतिज्यू, मुलुकमा कुशासनको अन्त्य गरि सुशासनको लागि तत्काल सैनिक शासन अपरिहार्य छ। वर्तमान परिस्थितिमा मुलुकलाई निकास दिने नै सेनाहरू र सुरक्षाकर्मीहरूले हो। सेनाहरू र सुरक्षाकर्मीहरू देशको मुटु हो। हाम्रो देश डुब्न लाग्यो सेना लौ न बचाई देऊ। हाम्रो देश डुब्न लाग्यो सुरक्षाकर्मीहरू लौ न बचाई देऊ। सेना आऊ देश बचाऊ। सुरक्षाकर्मीहरू आऊ देश बचाऊ। सेना र सुरक्षाकर्मीहरूले पूर्व राजालाई साथमा लिएर देश बचाउनु पर्छ। पूर्वराजा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र शाहले फागुन ७ गते राष्ट्रलाई सम्बोधन गर्दै वर्तमान राष्ट्रिय संकट, राजनीतिक अस्थिरता तथा जनअसन्तुष्टिको अवस्थाबारे स्पष्ट संकेत गर्नुभएको छ। उक्त सम्बोधनले देश गम्भीर मोडमा पुगेको तथ्य उजागर गरेको छ। यो सत्यलाई सबैले मनन गरौं।

यस्तो अवस्थामा मुलुकमा राष्ट्रिय सहमति, सर्वपक्षीय सहमति, सर्वदलीय संवाद र व्यापक राजनीतिक समझदारी बिना फागुन २१ गतेका लागि घोषणा गरिएको निर्वाचन मुलुकको समस्याको स्थायी समाधान हुन सक्दैन भन्ने मेरो ठोस धारणा रहेको छ। जनभावना, राष्ट्रियहित र दीर्घकालीन स्थिरतालाई बेवास्ता गर्दै गरिने निर्वाचन प्रक्रियाले निर्वाचन पछि मुलुकमा झन द्वन्द्व, विभाजन र अन्योलता बढाउने जोखिम देखिन्छ।

*स्वतन्त्र नेपाली नागरिकःराकेश कुमार शर्मा*

मकवानपुर, हेटौंडा उपमहानगरपालिका वडा नम्बर-०२ : ९८४८०५५७७६

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ फागुन १९, March 3, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# यस्ता पनि राजसंस्थावादी ?

अभियन्ता दुर्गा प्रसाईले आह्वान गरे- देशलाई युक्रेन बन्नबाट बचाउन सपरिवारले सडकमा ओर्लंदै हुनुहुन्छ, त्यसकारण सबैजना फागुन १६ सम्म राजधानी आइदिनु होला । त्यसो त दुर्गा प्रसाईको उट्पट्याङको सूची धैरै लामो छ । तथापि यति गम्भीर कुरा उनीबाट पहिलोचोटी आएको हो । फागुन १६ आयो, गयो । प्रसाईले भनेजस्तो केही पनि भएन ।

अर्काथरि भन्छन्- दुर्गा प्रसाईको लहैलहैमा किन लाग्नु पूर्वराजाले । बेला बेलामा राजसंस्थावादी भनिने संस्था, पार्टीहरूले यस्तै हुइम चलाएको देखिन्छ । कोही कोही त दरवारको संग्रहालयमा राखिएको सिंहासन र श्रीपेच पुछपाछ गर्न थालेको पनि बताउने गर्छन् । कोही भने फागुन २१ को चुनाव अघि नै राजतन्त्रमय हुने बताउँछन् । कतिपय भने पूर्वराजाले पहिले सहमति गरेर चुनावमा जान गरेको फागुन ७ को सन्देशबाट हौसिएर चुनावै नहुने पनि हल्ला पिटाइरहेका छन् । उहिले पञ्चतन्त्रमा एउटा कथा थियो- आफ्नो मालिकको नाकमा बसेको झिंगा धपाउन एउटा बाँदरले तरवारले नै छप्काएछ । मालिकको नाकै चैट । यसलाई नै भनिन्छ बाँदर भक्ति । पक्कै पनि देश र जनताले राजतन्त्र खोजेका छन्, अभिभावक चाहेका छन् । तर राजतन्त्र पुनर्स्थापना हुने पनि त बिधि, पद्धति होला । कोठे र सामाजिक सञ्जाले भक्तिले राजतन्त्र कसरी पुनर्स्थापना हुनसक्छ र ? हल्ला मच्चाउने तरिका, यो त राजाकै अपमान भएन र ? आजै राजा आउने, भोलि नै आउने, फागुनमा आउने, बैशाखमा आउने भन्दाभन्दै १७ वर्ष बितिसक्यो । यो त हँसीमजाकमात्र भयो । हो, राजा लोकप्रिय भएका छन् । लोकतान्त्रिक गणतन्त्रवादीको गलत चरित्र, नैतिकहीन व्यवहार र भ्रष्टतन्त्रका कारणले राजतन्त्रको लोकप्रियता बढेको हो । राजतन्त्र आउँछ, यस्तै कुप्रवृत्ति बढ्दै गएपछि आउँछ । हालै नेकपाका नेता झलनाथ खनालले भनेछन्- नेपाललाई विदेशीको खेलमैदान बन्न नदिन राजा अगाडि आउनुपर्छ । उता कांग्रेस सभापति गगन थापाले आफूले कहिल्यै पनि राजा ज्ञानेन्द्रलाई गाली नगरेको, आफ्ना भनाई भनेर सञ्चार माध्यमले तोडमरोड गरिदिएका हुन् । अझ एमाले अध्यक्ष केपी ओलीले फागुन ७ को सन्देश आफैले ड्राफ्ट गरिदिएको बताएछन् । समग्रमा भन्नुपर्दा अहिले नेकपाका प्रचण्ड, रास्वपाका रवि लामिछानेबाहेक अरू कोही पनि त्यत आक्रामक छैनन् राजतन्त्रप्रति । कुलमान घिसिङले त एयरपोर्टदेखि महाराजगञ्जसम्म देखिएको भीड स्वत:स्फूर्त भनिदिएका छन् । राजतन्त्र नभएर कानुनव्यवस्था, राष्ट्रियता लथालिङ्ग भएकोमा कसैको दुईमत छैन । राजनीतिक पूर्वाग्रह राख्नेहरू अथवा राजतन्त्रको उछित्तो काढेर भोट बटुल्न सकिन्छ भन्ने भ्रम पाल्नेहरू राजतन्त्रको बिरोधका लागि बिरोध गरिरहेका छन् । ढिलाचाँडो पूर्वराजाले भनेजस्तो संवाद, सहमति र सहकार्यबिना देशको अस्तित्व बचाउन र शान्ति सुव्यवस्था कायम गर्न सकिन्न भन्ने निष्कर्षमा सबै पुग्नैपर्छ । बिविधतामा एकता भएको र एकताको मौलो राजतन्त्र भएकाले सत्य यही हो ।

अब दुर्गा प्रसाई, राप्रपा वा अन्य जोकोहीले पनि राजालाई राष्ट्रप्रेमी, जनप्रेमीजस्तो पनि देखाउने अनि नजानिदो तरिकाले पूर्वराजालाई विवादमा तान्ने, धकेल्ने षडयन्त्र भइरहेकोमा शंका छैन । राजाको देश छ, दल छैन । राजा कुनै अभियानमा सहभागी हुने हो भने राष्ट्रिय अभियानमा हो । राजाले जे गर्छन्, मुलुक र मुलुकबासीको भलाइका लागि गर्ने हो । राजा स्वयं सडकमा उत्रने हल्ला हल्लामात्र हो, साजिस हो । २०६५ सालदेखि गणतन्त्रवादी भ्रष्टहरूको प्रहार झेलिरहनु भएका राजा र वहाँको परिवारलाई थप विवादमा मुछ्नखोज्ने सबैलाई चूप लगाउनुपर्ने अवस्था आइसक्यो । चुनाव रोकिन्छ कि हुन्छ ? कसले जित्छ, कसले हार्छ ? यो राजाको चासोको विषय हुँदै होइन । राजाको चासो भनेको देशको अस्तित्वरक्षा, राष्ट्रिय एकताको जगेर्ना हो । राजालाई राजनीतिमा मुछ्नु भनेको अतिरञ्जनामात्र हो ।

हो, २०६३ को परिवर्तनपछिका राजनीतिक मुद्दाहरू बग्रेल्ती छन् । राजनीतिक शक्तिहरू काखा र पाखा परेका छन् । निषेध र विभेद बढेको छ । संवाद, सहमति र सहकार्य छैन । यसकारण चुनावले अराजकता, अस्थिरता र अनेकताको समाधान दिंदैन । मुलुकमा द्वन्द्व बढ्छ छ । यो सबैको प्राथमिकताको विषय हुनुपर्छ । यसका लागि राजा सडकमा किन आउनुपर्ने ? समाधानको सूत्र फागुन ७ को सन्देशमा आइसकेको छ । बाँकी नेपाली जनता र पार्टीहरूले सोच्ने विषय हो । यसकारण फेरि पनि भन्नैपर्छ- राजालाई बिबादमा ल्याउन राजावादी नै लागेका छन् । अहिले दिल्लीतिर लागेका चार पूर्व प्रधानसेनापतिहरूको विषयलाई समेत राजासँग जोडेर चर्चा गरिदैछ । अब सेनाले शासन सत्ता हातमा लिनेरे, केही समयपछि त्यो राजालाई बुझाइदिनेरे । राजावादीहरूको खेमाबाटै चलाइएका यस्ता अतिरञ्चित हल्ला भनेको खिचडी हो, जुन पाक्दैन । कोही दिल्ली जानु उनीहरूको मामिला हो । पूर्व सेनापतिहरू दिल्ली जानुले वर्तमान सेनापतिले शासन हातमा लिने कुरा हावादारी हो । राजा स्वयम्को धेरैपल्ट भारतमा तिर्थाटन, भेटभ्रमण भइरहेकै छ । सच्चा राजतन्त्रवादीले यस्ता अनर्गल प्रचारवाजीलाई निस्तेज पार्नैपर्छ ।

यो मुलुक राजाहरूले निर्माण गरेका हुन् । यसकारण यो मुलुकको माटोसँग राजतन्त्रको मुटु जोडिएको छ । यो मुलुकको हितबाहेक राजतन्त्रले अहिले सोच्नै सक्दैन । जनताले भने, राजाले जनताको नासो जनतालाई बुझाइदिए । जनताले खोजे भने म यहीं छु राजाले भनेकै छन् । निर्णय जनताले गर्ने हो, हल्लाले होइन ।

# फागुन २१ को निर्वाचनमा नयाँ कि पुरानै ? – डा.बिनिता

पर्सी अर्थात् फागुन २१ गते संसदको निर्वाचन । भदौ २२ र २३ गते जेनजीले संविधान, संसद, पद्धति सबै खरानी बनाइदिएपछि हुनलागेको चुनाव हो । हुन त यो चुनाव कुन संविधान, कुन पद्धतिका लागि हुँदैछ, केही थाहा छैन । तर चुनाव हुँदैछ ।

२०६३ सालमा जनआन्दोलनपछि परिवर्तन भयो । परिवर्तनले संविधानसभाको निर्वाचन गरायो, राजतन्त्र र हिन्दुधर्म किनारा लगायो, ८ वर्ष लगाएर संविधान लेख्यो, ७६१ सरकार र संघीयताको परिकल्पना गर्‍यो र २०७४ र ७९ मा दुईपल्ट आवधिक चुनाव पनि भयो । यो १९ वर्षमा नयाँ नेपाल बनाउँछु भन्नेहरूले भएको नेपाललाई पनि कमजोर पारिदिए । सुशासन सिध्याए, भ्रष्टाचारको दलदलमा देशको शासन व्यवस्थालाई हेलिदिए ।

भन्नलाई सिंगापुर बनाउने कुरा गरेका थिए, सिँगानपुर बनाइदिए ।

यसैको प्रतिफल थियो भदौ २३ गतेको बिद्रोह । ७७ जनाको हत्या र राष्ट्रको शून्यतामा प्रवेश । त्यही शून्यता चिर्नका लागि नेपाली सेनाको सहजकर्ताको भूमिकामा यो चुनाव हुनलागेको हो । यही चुनावले देशको नयाँ नीति, नयाँ पद्धति, सुशासनको जग र भ्रष्टाचारीमाथि कारवाही गर्नेछ ।

हेक्कारहो, १९८६ को फेब्रुअरी २५ कादिन फिलिपिन्समा सुनको थालमा खाने, सुनको खाटमा सुत्ने, सुनको ट्वाइलेट प्रयोग गर्ने फर्डिनाण्ड मार्कोस् पलायन भएको दिन थियो । उनले फिलिपिन्समा २० वर्ष तानाशाही चलाएकी थिइन् । जनता जागेपछि, जनता भ्रमबाट छर्लङ्ग भएपछि, जनताको चेतले विश्वासनीयता र जनताप्रति जवाफदेही हुने नेता खोजेपछि परिवर्तन सम्भव छ । फिलिपिन्स परिवर्तन हुनसक्छ भने नेपाल किन हुनसक्दैन ? नेपाली सचेत भएका छन् । जसरी मार्कोसलाई विदेशीले हेलिकोप्टरमा उद्धार गरेका थिए, नेपाली शासक पनि जनेजीको भ्रष्टचार र निरंकूशताविरूद्धको आन्दोलनमा सैनिक हेलिकोप्टरमा भाग्न बाध्यभएका थिए ।

पुरानाहरूले गर्नुसम्म नकाम गरेकै हुन् । राजनीतिक अपराध र बालबालिकाको हत्यामा पनि सामेल भएकै हुन् । जसलाई दोष दिए पनि यथार्थमा शासक जिम्मेवार हुनैपर्छ । पानीमाथिको ओभानो हुनपाइन्न । मैले गोली हान्ने आदेश दिएको थिइन, भ्रष्टाचार गर भनेको होइन भनेर जनताप्रति गैह्रजिम्मेवार हुनपाइन्न । प्रश्न उब्जिसकेपछि जवाफ दिनैपर्छ र त्यो जवाफ लिन जनताले फागुन २१ को चुनावको उपयोग गर्न लागेका हुन् । जनताले के कस्ता प्रतिनिधि छान्छन्, त्यसमा सबैको विश्वास हुनैपर्छ र जसले



## एमाले, नेकपा र कांग्रेस : तीन पार्टी विरूद्ध रास्वपावीच भाले भिडन्त

जित्नेछन्, तिनले स्थिति बसाल्न, कानुनव्यवस्था सच्याउन लाग्नैपर्छ ।

राष्ट्र अस्तित्वको संकटमा छ । राष्ट्र रहे न, धर्म, संस्कृति, परम्परा रहन्छ । यो चुनावले भ्रष्टाचारको पक्षमा कि सुशासनको, राष्ट्रको पक्षमा, कि विखण्डनको भन्ने सवालको जवाफ पनि खोज्नेछ ।

होला, २०६३ को चुनावपछिका १९ वर्ष शासन सत्ता चलाउनेलाई जेनजी विद्रोहले घायल पारेपछि पछुतो पनि लाग्दो हो । जनतामाथि, देशमाथि यति धेरै दमन नगरेको भए हुन्थ्यो भन्ने लाग्दो हो । तर समय घर्किसक्यो, जनतामा उर्लेको घृणा उर्लिरहेकै छ । त्यसलाई साम्यपार्न अब कठिन छ । कलंकित नेताले भोग्ने भनेको लेण्डुपको नियति नै हो । चुनाव घोषणा भइसकेपछि सच्चिनेले जनताका सामु माफी माग्नसक्थे, मागेनन् ।

के भो माओवादी जनयुद्ध ? जनयुद्धका नायकले माओवाद छाडेर नेकपा भन्दै अस्तित्व रक्षा गर्न रूकुम उक्लनुपर्‍यो । कसैकसैले अपार भ्रष्टाचारको रकमलाई एआई भनेर चुनावका बेलामा पार्टीलाई जिताउनु भन्न सकेनन् र सिंगापुर भाग्नुपर्‍यो । अर्का नेता झापामा घिस्रिदैछन्, सामदाम दण्डभेद र नेशनल भोलियन्टर फोर्स गठन गरेर त्यही भर मा चुनाव जित्ने जुक्ति निकाल्दैछन् ।

रास्वपामाथि जतिसुकै आरोप प्त्यारोप गरे पनि एकजना रवि र बालेन साहले सिङ्गो युवा पंक्तिको मन जितेका छन्, यिनले पक्कै गर्छन् भन्ने विश्वास गरेको देखिदैछ ।

मतदान नै नभइकन बालेनले मन जितिसके । कांग्रेस बौरिने प्रयास गर्दैछ, नेकपा र एमाले बालेन र रविको लहरविरूद्ध चट्टानी प्रतिवाद गर्न तैयार हुँदैछन् । खासगरी एमालेका अध्यक्ष केपी ओली झापामा सिमित भएर रास्वपासँग प्रतिस्पर्धा गर्न तम्सिएका छन् । हेरौं जनताको मन जितेका बालेनले मत पाउँछन् कि पाउन्नन् ?

## मतदान किन गर्ने ?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
- योग्य जनप्रतिनिधिको छनौट गर्न ।
- नागरिक कर्तव्य निर्वाह गर्न ।
- जनतामा निहित सार्वभौम सत्ताको प्रयोग गर्न ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड

